चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं
* आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
* चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
* धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
* चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
* सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
* मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

**चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक १५३ | काठमाडौं | बुधबार, ०७ असोज २०८३ | Prabhab National Daily | Wednesday, 23 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-

# संसद्मा गुञ्जियो 'साइबर बुलिङ'को आक्रोश



मलाई नै बलात्कार गरेर मारिदिन्छु भन्ने मेसेज हजारौं छन् । सरकार, उद्धार छिटो हुनुपर्छ भनेकै कारण साइबर बुलिङको सिकार हुनुपर्ने ?

**एशुदाकुमारी बराल**
सांसद, नेकपा एमाले



कसैले छोराको लासमाथि सांसद पद साटेको भन्दै अपमानजनक टिप्पणी गरेको सुन्दा स्तब्ध छु । मेरो संसार उजाडिएको छ ।

**रचना खतिवडा**
सांसद, रास्वपा

■ **जेबी योञ्जन**

**काठमाडौं–** छोराको लाससँग सांसद पद साटेको आरोप लाग्छ-सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद रचना खतिवडालाई । संसद्मा उनले बोलेको भिडियो सामाजिक सञ्जालमा राख्दा यस्तो अपमानजनक प्रतिक्रिया आउने गरेको छ ।

हालै मेडिकल व्यवसायी दुर्गा प्रसाईंले खतिवडालाई यही लाञ्छना लगाए । खतिवडामाथि यस्तो लाञ्छना लगाउनेहरू अरु पनि छन् । बारम्बारको यस्तो अपमानजनक लाञ्छना कारण उनी दुःखी छन् । मंगलबार त उनी संसद्मै भावुक भइन् । सम्बोधन गर्दैगर्दा उनले आँसु थाम्न सकिनन् ।

'कसैले छोराको लासमाथि सांसद पद साटेको भन्दै अपमानजनक टिप्पणी गरेको सुन्दा स्तब्ध छु,' आँसु पुछ्दै उनले भनिन्, 'मेरो संसार उजाडिएको छ ।'

२३ भदौ २०८२ मा भएको जेन-जी विद्रोहमा खतिवडाका छोरा रसिकले ज्यान गुमाएका थिए । छोरा गुमाएकी उनै खतिवडाको भावुक र आक्रोशपूर्ण सम्बोधनले मंगलबार सदन नै शोकमग्नजस्तो बन्यो । रास्वपाकै सांसद सोम शर्मा र ज्वाला संग्रौलाका पनि आँसु रसाए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाही, एमाले सांसद साजिदा खातुन सिद्धिकी र रास्वपाकी सांसद समीक्षा बाँस्कोटाले रचनाप्रति सहानुभूति प्रकट गरे । जेन-जी विद्रोहका क्रममा बल प्रयोग गर्ने तत्कालीन सरकार र विद्रोहमा घुसपैठ गर्ने देशी-विदेशी शक्तिलाई कारबाही गर्नुपर्ने आवाज पनि उठ्यो ।

यसरी, घृणाजन्य र अपमानजनक टिप्पणी व्यहोर्ने सांसद खतिवडामात्रै होइनन् । थुप्रै सांसद अपमान, गाली र धम्कीको सिकार बन्दै आएका छन् । गत २६ भदौमा प्रतिनिधिसभा बैठकमै नेकपा एमालेकी सांसद एशुदाकुमारी बरालले सत्तारुढ दल रास्वपाका कार्यकर्ताबाट आफूलाई बलात्कार गर्ने र ज्यान मार्ने धम्की आइरहेको बताएकी थिइन् ।

रसुवाका बाढीपीडितको छिटो उद्धार गर्न माग गरेकै भरमा आफू 'साइबर बुलिङ'को सिकार भएको भन्दै उनले महिलामाथि गालीगलौज गर्ने र धम्की दिने कार्यमा संलग्नलाई तत्काल कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएकी थिइन् । 'सम्माननीय सभामुखमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, साइबर बुलिङ किन यस्तो समयमा ?

क्रमशः पृष्ठ २ मा

# तामाझाम नदेखाइ न्युयोर्कतर्फ प्रस्थान गरे प्रधानमन्त्री

## बिहीबार राष्ट्रसंघको ८१औं महासभामा सम्बोधन गर्ने

- प्रधानमन्त्री शाहले पाए १४ मिनेट बोल्ने समय
- जलवायु संकटबाट नेपालले भोगिरहेको क्षति, जलवायु न्याय, प्रविधि हस्तान्तरण र सहज जलवायु वित्तको विषयलाई प्राथमिकताका साथ उठाउने
- जलवायुजन्य विपद्बाट प्रभावित नेपाललाई पुनर्निर्माणका लागि अन्तर र्राष्ट्रिय सहयोग उपलब्ध गराउनसमेत अपिल गर्ने
- सम्बोधनकै दिन राष्ट्रसंघको कार्यालय अगाडि जलवायु न्यायका लागि प्रदर्शन हुने कार्यक्रम



तस्बिरः रासस

**मंगलबार साँझ न्युयोर्क प्रस्थानका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्री वालेन्द्र शाहलाई बिदाइ गर्दै गृहमन्त्री सुधन गुरुङ ।**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राज्य अमेरिकाको न्युयोर्क प्रस्थान गरेका छन् । संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी हुन उनी नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट साँझ ७:९९ बजे त्यसतर्फ प्रस्थान गरेका हुन् ।

उनी कतार एयरवेजको विमानबाट कतारको दोहाहुँदै अमेरिकाको न्युयोर्क पुग्ने छन् । न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर र्राष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूतलगायतका अधिकारीहरूले स्वागत गर्ने कार्यतालिका रहेको छ ।

सोही दिन शाह संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगमा पुग्ने कार्यक्रम रहेको प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले बताइन् । नियोगमा भ्रमणका विषयमा परराष्ट्र सचिव, संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत र न्युयोर्कस्थित नेपालका महावाणिज्यदूतले क्रमशः 'ब्रिफिङ' गर्ने कार्यतालिका रहेको छ । त्यसलगत्तै प्रधानमन्त्री शाहको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधिहरूले आयोजना गर्ने समारोहमा सहभागी हुने छन् ।

### देखाएनन् तामझाम

विगतमा प्रधानमन्त्री विदेश भ्रमणमा जाँदा बिदाइ गर्ने मन्त्रीको लर्को लाग्थ्यो । सेनाबाट सलामी लिइन्थ्यो । फूलगुच्छा दिइन्थ्यो । यसपटक प्रधानमन्त्री शाहको बिदाइमा न त मन्त्रीहरूको लावालस्कर देखियो न त सरकारी उच्च पदस्थहरूको । न त सेनाको सलामी नै ।

यसअघि प्रधानमन्त्री विदेश जाँदा र फर्किंदा कार्यालयको नियमित काम छाडेर उच्चपदस्थ कर्मचारीदेखि मन्त्रीहरू विमानस्थल पुग्ने गरेका थिए । यसपटक वालेन्द्र भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सीधै विमानस्थल पुगेर कतार एयरवेजको विमान चढेका थिए ।

प्रधानमन्त्री शाहलाई बिदाइ गर्न गृहमन्त्री सुधन गुरुङ र पर्यटनमन्त्री खडकराज पौडेल भने विमानस्थल पुगेका थिए । यसअघि राष्ट्रिय पोसाकलाई विदेश भ्रमणमा औपचारिकरूपमा लिइए पनि प्रधानमन्त्री शाह कालो कोट र स्पोर्टस् सुजमै देखिए ।

शाहको भ्रमण टोली पनि पहिलेजस्तो जम्बो छैन । शाहको भ्रमण टोलीमा प्रमुख सल्लाहकार कुमार बेन, प्रमुख स्वकीय सचिव सुवास शर्मा, निजी सचिव प्रदीप परियार र फोटोग्राफर विनय शाक्यलगायत सहभागी छन् ।

क्रमशः पृष्ठ २ मा

**सम्पादकीय**

**१४ मिनेटको सम्बोधनः पीडा बुझाउने, न्याय माग्ने अवसर**

पृष्ठ ४ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियाको 'सिण्डिकेट' रोक्न प्रधानमन्त्री शाहको पहल

**मलेसियाका समकक्षी अनवरलाई भने- सिण्डिकेट र बिचौलिया प्रथा स्वीकार्य छैन**

**मलेसियाका प्रधानमन्त्री अनवरको जवाफ- म पनि सिण्डिकेट प्रथाको विरोधी हुँ**

■ **ममता थापा**



**वालेन्द्र शाह**
प्रधानमन्त्री, नेपाल



**अनवर इब्राहिम**
प्रधानमन्त्री, मलेसिया

**काठमाडौं–** मलेसिया रोजगारीमा भित्रिएको एकाधिकार (सिण्डिकेट) रोक्न प्रधानमन्त्री वालेन्द्र शाह आफैं सक्रिय भएका छन् । मंगलबार मलेसियाका समकक्षी अनवर इब्राहिमसँग टेलिफोन वार्तामार्फत उनले सीमित व्यवसायीकोमात्र पहुँच हुनेगरी मलेसियाले लागू गरेको नयाँ प्रणालीप्रति असहमति प्रकट गरेका हुन् ।

वार्तामा प्रधानमन्त्री शाहले सिण्डिकेट र बिचौलिया प्रथा आफू र आफ्नो सरकारलाई स्वीकार्य नहुने स्पष्ट पारेका छन् । 'हामीलाई सिण्डिकेट र बिचौलियातन्त्र मन पर्दैन । यो कुनै पनि हालतमा स्वीकार्य छैन । यसले श्रमिकहरूलाई मारमा पारेको छ,' प्रधानमन्त्रीले शाहले मलेसियाली समकक्षीसँग राखेको कुरा उद्धृत गर्दै उनको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले मलेसियाका प्रधानमन्त्रीसँग टेलिफोनमार्फत छलफल गर्दै नेपाल र मलेसियाबीचको वैदेशिक रोजगारीलाई मर्यादित, पारदर्शी र शोषणमुक्त बनाउने विषयमा जोड दिएका छन् । उनले यस्ता अव्यावहारिक तथा अन्यायपूर्ण प्रवृत्ति स्वीकार्य नहुने स्पष्ट पार्दै यस्ता समस्याको स्थायी समाधानका निम्ति संयुक्त पहलको आवश्यकतामा जोड दिएको जनाइएको छ ।

प्रधानमन्त्री शाहले व्यक्त गरेको धारणालाई सकारात्मक रूपमा लिँदै मलेसियाका प्रधानमन्त्री इब्राहिमले पनि आफू सिण्डिकेट र बिचौलिया प्रथाकोविरुद्धमा रहेको स्पष्ट पारेको जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# दुबईको मागपत्र प्रमाणीकरणमा भएको ढिलासुस्ती हटाउन माग

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मागपत्र प्रमाणीकरणमा भएको ढिलासुस्तीका विषयमा युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिवको ध्यानाकर्षण गराएको छ ।

संघका अध्यक्ष डिकबहादुर खत्री तथा पदाधिकारीको टोलीले दुबईस्थित नेपाली कन्सुलेट कार्यालयबाट हुने मागपत्र प्रमाणीकरणमा तत्काल सहजीकरण गरिदिन मंगलबार श्रमसचिव दिपक काफ्लेको गम्भीर ध्यानाकर्षण गराएको हो ।

दुबईस्थित नेपाली कन्सुलेट कार्यालयमा रीतपूर्वक पेस भएका तथा निर्धारित चेकलिस्टबमोजिम कागजात पूरा गरी पेस गरिएका मागपत्र प्रमाणीकरणमासमेत अनावश्यक ढिलाइ हुने गरेको संघले जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

# सिण्डिकेटको विषयमा संघले गरायो आइओएमको ध्यानाकर्षण



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीमा लगाइएको सिण्डिकेटको विषयमा अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)को ध्यानाकर्षण गराएको छ । मंगलबार संघका अध्यक्ष डिकबहादुर खत्री तथा पदाधिकारीको टोलीले आइओएम नेपालका कन्ट्री डाइरेक्टरसँग भेटघाट गरी सीमित व्यवसायीलाई मात्र श्रमिक पठाउन पाउनेगरी ल्याउन लागिएको व्यवस्थाको विषयमा छलफल गर्दै ध्यानाकर्षण गराएको संघले जानकारी दिएको छ ।

छलफलमा नेपालीहरूको वैदेशिक रोजगार गन्तव्य मलेसियाको एफडब्ल्युसिएमएस प्रणालीमा नेपालका २५ वटा म्यानपावरलाई मुख्य संस्था तथा २५० वटालाई सहायक संस्थाका रूपमा सूचीकरण गरिएको विषयमा विस्तृतमा छलफल गरिएको जनाइएको छ । भेटमा एफडब्ल्युसिएमएसबाट एकाधिकार कायम हुन सक्ने भएकाले त्यस्तो अवस्था रोक्न पहल गरिदिन माग गरेको र आइओएमकातर्फबाट सकारात्मक प्रतिक्रिया आएको संघका महासचिव हिराबहादुर डाँगीले बताए ।

क्रमशः पृष्ठ २ मा

# राष्ट्रिय अभिमुखीकरण तालिम संघमा कार्की



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय अभिमुखीकरण तालिम संघको तेस्रो वार्षिक साधारणसभाबाट नयाँ कार्यसमिति निर्वाचित भएको छ । मंगलबार सम्पन्न साधारणसभा तथा निर्वाचनबाट विष्णुबहादुर कार्की नेतृत्वको १३ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो ।

कार्यसमितिको निर्वाचनमा सहभागी उम्मेदवारमध्ये कार्की अध्यक्षमा निर्वाचित हुँदा प्रथम उपाध्यक्षमा जयप्रकाश यादव, वरिष्ठ उपाध्यक्षमा मनोजकुमार चौधरी र उपाध्यक्षमा छत्रबहादुर खड्का विजयी भएका छन् ।

निर्वाचनबाट महासचिवमा दण्डकुमार आले, सचिवमा सुरेन्द्रकुमार झा र कोषाध्यक्षमा खेमकुमारी मल्ल चयन भएका छन् । संघको सदस्यमा मनोजकुमार महतो, सृजना पाण्डे तिमल्सिना, उमेशकुमार चौधरी, हर्षिता शाह, रुशान पाण्डे र शान्ति भण्डारी निर्वाचित भएका छन् ।

संघमा ६० भन्दा बढी अभिमुखीकरण तालिम प्रदायक संस्था आबद्ध रहेका छन् । नयाँ नेतृत्वले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूबीच समन्वय, तालिमको गुणस्तर सुधार तथा श्रमिकलाई आवश्यक सूचना प्रभावकारी रूपमा उपलब्ध गराउने विषयलाई प्राथमिकतामा दिने जनाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### तामाझाम नदेखाइ...

यसअघि परराष्ट्रपन्त्री शिशिर खनाल असोज ४ गते अमेरिका प्रस्थान गरिसकेका छन् । परराष्ट्रवमन्त्री खनालले मंगलबार भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेसँग भेटेका छन् । खनालले यसअघि जापान, पोल्याण्ड र पोर्चुचलका परराष्ट्रमन्त्रीसँग छुट्टाछुट्टै भेटिसकेका छन् ।

### महासचिव गुटेरेसलाई भेट, लगतै सम्बोधन

प्रधानमन्त्री शाहले भोलि असोज ८ गते बिहीबार राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्ने छन् । भेटवार्तापछि शाहले राष्ट्रसंघको ८१औं महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्ने कार्यक्रम छ ।

महासभामा उनले हालै भोटेकोशी-त्रिशुली बाढीले पारेको असर र जलवायु परिवर्तनको विषयमा धारणा राख्ने छन् । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण मंगलबारसम्म एक हजार ४५१ जनाको शव फेला पर्दा पाँच हजार ७०५ जना बेपत्ता रहेका छन् ।

प्रधानमन्त्री शाहले महासभामा १४ मिनेट बोल्ने समय पाएका छन् । महासभामा जलवायु संकटबाट नेपालले भोगिरहेको क्षति, जलवायु न्याय, प्रविधि हस्तान्तरण र सहज जलवायु वित्तको विषयलाई प्राथमिकताका साथ उठाउने प्रधानमन्त्रीको सचिवालयले जनायो । महासभामा प्रस्तुत गरिने उनको लिखत सम्बोधनमा जलवायुजन्य विपद्बाट प्रभावित नेपाललाई पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउनसमेत अपिल गरिएको छ । प्रधानमन्त्री शाहको सम्बोधनकै दिन राष्ट्रसंघको कार्यालय अगाडि जलवायु न्यायका लागि प्रदर्शन हुने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्री शाहले मुस्ताङमा आयोजित घरपझोङ जलवायु सम्मेलनका क्रममा पठाएको शुभकामना सन्देशमासमेत जलवायु परिवर्तनबाट हुने असरको न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषय विश्व समुदायको साझा जिम्मेवारी भएकोले समाधानका निम्ति सबैको ध्यानाकर्षण गरउाने प्रतिबद्धता जनाएका थिए ।

उनले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको समस्याबारे अवगत गराउँदै जलवायु न्यायबारे कुरा राख्ने छन् । नेपालले नगन्य कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तका नकारात्मक असर भोग्नु परिहेको विषयमा प्रधानमन्त्रीले प्रस्तुत गर्ने तयारी रहेको छ ।

प्रधानमन्त्री शाह असोज ९ गते न्युयोर्कबाट कतारको दोहातर्फ प्रस्थान गर्ने र १० गते काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुग्ने कार्यतालिका छ ।

■ ■ ■

### संसद्‌मा गुञ्जियो...

अरुको उदाहरण छैन, मलाई नै बलात्कार गरेर मारिदिन्छु भन्ने म्यासेज हजारौं छन्,' उनले भनेकी थिइन्, 'सरकार उद्धार छिटो हुनुपर्छ भनेकै कारण साइबर बुलिङको सिकार हुनुपर्ने ? महिलामाथि गाली गलौज गर्नेलाई कारबाही गर सरकार, हिजो तिमीहरूले नै सिकाएको कुराहरू हो, आज अन्त्य गर्नुपर्छ । घण्टीको फोटो राखेर गाली गलौज गर्ने कार्य भइरहेको छ ।'

एमालेकै अर्की सांसद सिद्धिकीले पनि आफूलाई बलात्कार गर्ने धम्की आउने गरेको बताएकी थिइन् । हालै संसद् परिसरमा पत्रकारहरूसँग कुरा गर्दै उनले सामूहिक गालीगलौज, अपमान र घृणाजन्य धम्कीबाट आफू पीडित बनेको गुनासो गरेकी थिइन् । 'मलाई रेप गर्ने, मार्ने, भा...जस्ता धम्की दिन्छन् तर उनीहरूलाई कारबाही हुँदैन,' सांसद सिद्धिकीको भनाइ थियो ।

एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले आफूलाई ज्यान मार्ने धम्की आएको गत ३० असारमा संसद्मै बताएका थिए । उनले आफूलाई धम्की दिने व्यक्तिको नाम र फोन नम्बरसमेत सार्वजनिक गरेका थिए । सामाजिक सञ्जालमा उनलाई लक्षित गर्दै अपमानजनक टिप्पणी हुने गरेको छ ।

यस्तो धम्की र अपमानजनक टिप्पणी प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदलाई मात्रै हुने गरेको छैन । प्रधानमन्त्री वालेन्द्र शाह, उनका सरकारका मन्त्रीदेखि विपक्षी नेतासम्म सामाजिक सञ्जालमा लाञ्छना र टिप्पणीको सिकार बन्दै आएका छन् ।

अपराधशास्त्री कृष्णकुमार तामाङ यसलाई समाजमा आपराधिक मानसिकता बढ्दै गएको अर्थमा टिप्पणी गर्छन् । 'कसरी समाज यति धेरै नकरात्मकतातिर गयो ? यो अध्ययनको विषय हो तर समाजमा यस्तो मनोवृत्ति विकास हुनु राम्रो होइन,' उनले भने ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राप्रपाका नेताहरूलाई जेन-जी विद्रोहअघि र पछि अपमानजनक टिप्पणी, गाली, धम्की र लाञ्छना लगाउने गरिएको थियो । भनिन्छ, उनीहरूमध्ये अधिकांश यतिबेला सत्तारुढ दल रास्वपामा छन् ।

राजनीतिक असहमति र आलोचना लोकतन्त्रका स्वाभाविक पक्ष हुन् । तर आलोचनाको नाममा व्यक्तिको चरित्रहत्या, परिवारमाथि प्रहार र ज्यान तथा बलात्कारको धम्की दिनु गलत हो । पछिल्लो समय सामाजिक सञ्जालमा राजनीतिक मतभेद व्यक्तिको चरित्र हत्यामा परिणत हुने क्रम बढेको छ । यसले आममानिसमात्रै होइन, सांसद पनि डर, त्रास र धम्कीको सिकार बनिरहेका छन् ।

■ ■ ■

### मलेसियाको 'सिण्डिकेट'...

'यस्तो गलत र शोषणकारी परिपाटीको म पनि पूर्णविरुद्धमा छु । म तुरुन्तै हाम्रा श्रममन्त्रीलाई यस विषयमा नेपाली समकक्षीसँग छलफल गरी ठोस निकास निकाल्न निर्देशन दिन्छु,' मलेसियाली प्रधानमन्त्रीले भनेका छन् ।

गत अगस्ट २१ मा मलेसियाले आफ्नो विदेशी श्रमिक भर्ना गर्ने एकीकृत प्रणाली 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' ( एफडब्ल्युसिएमएस)मा नेपालका २५ व्यवसायीको मात्र नाम सूचीकृत गरेपछि वैदेशिक रोजगार व्यवसायीहरू त्यसको विरुद्धमा छन् । त्यसपछि सेप्टेम्बर नौमा प्रत्येक सूचीकृत व्यवसायीले आफ्नो मातहतमा काम गर्ने संस्थाको रूपमा थप २५० संस्थालाई सो प्रणालीमा राखेका छन् ।

हाल वैदेशिक रोजगार व्यवसायमा ११ सयभन्दा बढी व्यवसायी क्रियाशील छन् । सबै व्यवसायीले कुनै रोकावटविना सबै मुलुकमा श्रमिक पठाउन पाउनपर्ने आमव्यवसायीको माग छ। सरकारले पनि सीमित व्यवसायीलाई मात्र व्यवसाय गर्न दिने व्यवस्था हाम्रो कानुनमा नभएकाले यो लागू नहुने बताउँदै आएको छ । सरकारले कूटनीतिक संवादमार्फत उक्त व्यवस्था मान्य नहुने बताउँदै आए पनि मलेसिया सरकारले भने खासै वास्ता गरेको थिएन ।

मलेसिया नेपाली श्रमिकहरूको प्रमुख रोजगार गन्तव्य भएकाले पनि थप जटिल अवस्था आउन नदिन युवा, श्रम तथा रोजगार मन्त्रालय संयुक्त प्राविधिक बैठक (जेडब्ल्युसी) बोलाएर छलफल गर्ने तयारीमा छ । यसबीचमा दुई देशका सरकार प्रमुखबीच भएको कुराकानी अर्थपूर्ण देखिएको छ ।

नेपालले एकाधिकार मान्य नहुने विषय स्पष्टसँग राख्नु र मलेसियाले त्यसमा समर्थन जनाउँदै यथाशक्य समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयलाई निर्देशन दिन्छु भन्नुले एकाधिकारको समस्या चाँडै हल हुने अपेक्षा व्यवसायीहरूले गरेका छन् ।

यसैबीच, प्रधानमन्त्रीले चालेको उक्त कदमप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघले धन्यवाद ज्ञापन गरेको छ । नेपाल-मलेसिया रोजगारीलाई पारदर्शी र बिचौलियामुक्त बनाउन पहल गरेको भन्दै संघका अध्यक्ष डिकबहादुर खत्री र महासचिव हिराबहादुर डाँगीले संयुक्तरूपमा धन्यवाद दिएका हुन् । राज्यले इजाजतपत्र दिएका सबै व्यवसायीका लागि समान अवसर, निष्पक्ष प्रतिस्पर्धा तथा व्यवसायीको हित संरक्षण गर्न सरकारले लिएको अडानको उच्च सम्मान गर्ने संघले जनाएको छ ।

■ ■ ■

### सिण्डिकेटको विषयमा...

'डाइरेक्टरज्यूले आइओएमको कार्यालय मलेसियामा पनि भएकाले यस्तो एकाधिकारको विषयमा मलेसियामा पनि कुरा उठाउँछौं । एकाधिकारको कुरामा कहीँ पनि सहमति गर्दैनौं । यसले अस्वस्थ प्रतिस्पर्धा हुन्छ । दुई देशको प्रधानमन्त्रीले पनि उक्त विषयमा कुराकानी गरिसकेकाले हामीले गर्ने सहयोग गर्न तयार छौं भन्नुभएको छ,' डाँगीले भने ।

संघले हाल ल्याउन खोजिएको व्यवस्थाले नेपाली श्रमिकमाथि आर्थिक भार थप्ने, व्यवसायीको समान अवसर गुम्ने भएकाले सबै व्यवसायीले स्वस्थ प्रतिस्पर्धामार्फत समानरूपमा व्यवसाय गर्ने वातावरण सुनिश्चित गर्न अनुरोध गरेको जनाइएको छ ।

■ ■ ■

### दुबईको मागपत्र...

विश्वसनीय कम्पनीबाट प्राप्त मागपत्र प्रमाणीकरण हुन नसक्दा नेपाली श्रमिकको रोजगारीको अवसर प्रभावित हुनुका साथै व्यवसायी र रोजगारदाता कम्पनीसमेत प्रत्यक्ष प्रभावित भएको उल्लेख गरिएको छ ।

प्रमाणीकरणमा समय लाग्दा रोजगारदाता कम्पनीहरूले अन्य स्रोत मुलुकबाट श्रमिक खोज्ने हुँदा नेपाली श्रमिकको रोजगारीमा असर पर्ने संघले जनाएको छ । यो समस्यालाई संवेदनशील रूपमा लिएर समाधानका लागि तत्काल पहल गरिदिन सचिव काफ्लेसमक्ष माग गरेको छ ।

# हिमपातका कारण मनास्लु आरोहण नगरी फर्किन थाले आरोही

**गोरखा–** भारी हिमपात र निरन्तर वर्षाका कारण हिमाल आरोहणका लागि मनसुन प्रतिकूल भएपछि आरोहीबीच बाटोबाटै धमाधम घर फर्किन थालेको पाइएको छ ।

दुई सातासम्म पर्खिंदा पनि मौसमले साथ नदिएपछि आरोही धमाधम घर फर्किन थालेका मनास्लु हिमाल नजिक रहेको चुमनुब्री गाउँपालिका-१ सामागाउँका वडाध्यक्ष कर्माछेवाङ लामाले जानकारी दिए ।

मनास्लु क्षेत्रमा भइरहेको निरन्तर वर्षापछि त्यस वरपर पाँच फिट बाक्लो हिमपात भइरहेको उनले जानकारी दिए । 'यस्तो त कहिल्यै भएको थिएन । खै के भएको हो, पानी र हिउँ परिरहेको छ,' वडाअध्यक्ष लामा भन्छन्, 'झन आठ गतेदेखि १२ गतेसम्म सरकारले सतर्क रहन भनेको छ । त्यही भएर आरोही धमाधम फर्किएका छन् ।'

मनसुनमा सुधार आए पनि अब यो याममा फेरि फर्केर आरोहणमा जाने सम्भावना नरहेको उनको भनाइ छ ।

विगतका वर्षमा त्यस क्षेत्रमा हतपत वर्षा नै नहुने भए पनि अत्यन्त न्यून हुने गरेकामा यस पटक भने दुई सातादेखि निरन्तर पानी परिरहेको स्थानीय व्यवसायी प्रबल लामा बताउँछन् । 'बेस क्याम्पमा निरन्तर आउन थालेको सन् २)१४ देखि हो । यो बाह्र वर्षको अवधिमा यस्तो कहिल्यै देखिन,' उनले भने, 'यो वर्ष त पानी नन्स्टप परिरहेको छ । हिमपात पनि उस्तै छ । बेस क्याम्पमै तीन फिटसम्म हिउँ परेको छ । क्याम्प वान, क्याम्प टु, थ्रीतिर त सात, आठ फिट बाक्लो हिउँ परिसकेको छ ।' जोखिम देखेपछि आरोही फर्किएको उनको भनाइ छ ।

बदलिएको मनसुनका कारण केही आरोही फर्किए पनि त्यस क्षेत्रमा अझै धेरै रहेको सामागाउँका होटल व्यवसायी मिङ्मारछिरिङ लामा बताउँछन् । 'हिमाल चढ्न नसकेर त पोहोरतिर पनि फर्कन्थे । यसपालिचाहिँ अलि्ल धेरै फर्केका छन् । मौसम प्रतिकूल भएर होला,' उनले भने, 'अहिलेसम्म १) प्रतिशतजति फर्किए होलान् ।' *रासस*


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५२/०४/३० मा दर्ता भएको **प्रा.लि. नं. १०२२७१/०५२/०५३** को **टेक्स यार्न रिसाइक्लिङ्ग मिल्स प्रा. लि.** को मिति २०८३/०६/०६ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०७/२८ मा दर्ता भएको **प्रा.लि. नं. २०२३०३/०७५/०७६** को **रिदम क्लिनिक प्रा. लि.** को मिति २०८३/०६/०६ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०६७/११/२३ मा दर्ता भएको **एन. आर. टि. इन्टरप्राइजेज प्राइभेट लिमिटेड (प्रा. लि. नं. ८१२५९)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०४७/११/३० मा दर्ता भएको **प्रा. लि. नं. ४४१३** को **न्यू हिमालयन ब्रिक फ्याक्ट्री प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/०७ गते**

यस कम्पनीको मिति २०८३/०२/१९ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल पाथिभरा प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सौरभ होटल प्रा.लि. (प्रा.लि.नं. ३७६०६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/११/०६ मा दर्ता भएको यस **सनसाईन ईङ्गलिस वोर्डिङ्ग स्कूल बरंजा प्राइभेट लिमिटेड** (प्रा.लि.नं. ७०६५९) कम्पनी यस कार्यालयको मिति २०८३/०४/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०६/२९ मा दर्ता भएको **प्रा.लि. नं. ६६८४१** को **एसेन्स नेपाल प्रा. लि.** को मिति २०८३/०६/०६ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

**चार पांग्रे सवारी साधन (जिप) लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८३/०६/०७**

यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडमा रहेको १ (एक) थान चार पांग्रे सवारी साधन (बोलेरो जिप) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, वा फर्म/कम्पनीहरूले रीतपूर्वक भरेको शिलबन्दी पत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र मन्दाकिनी हाइड्रोपावर लिमिटेड काठमाण्डौ अथवा पोखरा सर्म्पक कार्यलयमा कार्यलय समय भित्र पेश गर्नु पर्ने छ । शिलबन्दी बोलपत्र पेश गर्दा धरौटी बापत रू २५००० नगद वा बैंक (खाता नं. ९९०००३६१३४३०००६४ एनएमबि बैंक लमिटेड) मा जम्मा गरि सोको भौचर पेश गर्नुपर्ने छ । बोलपत्र स्वीकृत भएमा सोको जानकारी या सूचना पाएको ७ दिनभित्र आफूले कवोल गरेको पूरै रकम भुक्तानी गरी उक्त सवारी साधन बुझिलिई जानुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा गरेको रकम जफत गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहने छ ।

**मन्दाकिनी हाइड्रोपावर लिमिटेड**
**नक्साल, काठमाडौं, फोन नं.- ०१-४५६१५७४** | **पोखरा सर्म्पक कार्यलय फोन नं.- ९८४६४४३८००**

**अप्पर रिचेत हाइड्रोपावर लिमिटेडको**
**पहिलो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना !**

यस कम्पनीको सम्पूर्ण शेयरधनीहरूको साधारण सभा बोलाउने प्राप्त निवेदन बमोजिम निम्न लिखित मिति, समय तथा स्थानमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न कम्पनीको **पहिलो वार्षिक साधारण सभा** बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

**मिति, स्थान र समय :**
**मिति** : २०८३ साल असोज २७ गते मंगलबार (तदनुसार अक्टुवर १३, २०२६)
**समय** : विहान ११:०० बजे
**स्थान** : कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, काठमाडौं

**छलफलका विषयहरूः**

**१. सामान्य प्रस्तावः**
(क) आ.व.२०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
(ख) आ.व.२०८२/८३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरू उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
(ग) आर्थिक वर्ष २०८२।८३ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।
(घ) सञ्चालक समिति गठन गर्ने बारे।
(ङ) IPO जारी गर्नका लागि Credit Rating गराउन Credit Rating Agency को नियुक्त गर्ने ।
(च) विविध ।

**२. विशेष प्रस्ताव :**
(क) कम्पनी प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिवर्तन भई हाइड्रोपावर कम्पनीको रूपमा सञ्चालक भई आएकोमा अब उप्रान्त कम्पनीलाई होल्डिङ्स कम्पनीको रूपमा परिवर्तन गर्ने बारे। सोही अनुसार कम्पनीको नाम परिवर्तन गरी नेक्स्टजेन इनर्जी होल्डिङ्स लिमिटेड राख्ने ।
(ख) कम्पनीको अधिकृत र जारी पुँजी वृद्धि गरेर ५० करोड पुऱ्याउने बारे ।
(ग) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने ।

**साधारण सभा सम्बन्धी जानकारी**
१. सभामा भाग लिन आउनु हुने महानुभावहरूले प्रवेश-पत्र वा आफ्नो शेयर प्रमाण-पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाइने छ । कुनै शेयरधनी महानुभावले कुनै कारणवश प्रवेश-पत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, काठमाडौंमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेश-पत्र प्राप्त गर्नु हुन अनुरोध गरिन्छ ।
२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले प्रतिनिधि (प्रोक्सी) फारम सभा हुने दिनभन्दा कम्तिमा ४८ घण्टा अगावै, अर्थात् २०८३।०६।२५ गते दिनको ११:०० बजेभित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ । तर मतदान गर्न पाउनु हुने छैन ।
३. नाबालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरूको लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रूपमा मान्यता दिइने छ ।
४. संयुक्त रूपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाइने छ ।
५. सभाको दिन सभा शुरू हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ ।
६. मिति २०८३ साल असोज १२ गतेदेखि साधारण सभा सम्पन्न हुन्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
७. सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय, काठमाडौं-२७, कमलाक्षी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।
८. कम्पनीको सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारीहरू कम्पनीको रजिष्ट्रर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

**विनोद प्रसाद भट्ट**
**कम्पनी सचिव**

**अप्पर रिचेत हाइड्रोपावर लिमिटेड**
कमलाक्षी, काठमाडौं
फोन नं.०१-४११५९५५, मो.नं. ९८५११२०६०३
E-mail : upperrichet@yandex.com

**बिमालेख हरायो**

मिति २०८३/०२/१० गते म धादिङदेखि काठमाडौं आउनेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : नवराज ढकाल**
**बिमालेख नं. : १००११०५४९**
**बीमा कम्पनी : एल आई सी नेपाल लि. काठमाडौं**
**ठेगाना : धादिङ**
**सम्पर्क नं. : ९८५११०१९२५**

**बिमालेख हरायो**

मिति २०८३/०६/०३ गते चावहिलबाट कोटेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नामः राम प्रसाद उप्रेती**
**ठेगानाः राजघाट-०८, सर्लाही**
**बिमालेख नं.: १००१२०४४१**
**बीमा कम्पनी : एल आई सी नेपाल लि.**
**सम्पर्क नं.: ९८५१०७६२८४**

**भोक्राहा नरसिंह गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिरौली, सुनसरी, कोशी प्रदेश**

**हार्डकपी मार्फत सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना !**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०७ गते)**

यस भोक्राहा नरसिंह गाउँपालिकाको आ.व.२०८३/८४ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमअन्तर्गत तपसिलमा उल्लेखित योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीवाट रितपूर्वकको (सिलबन्दी दरभाउपत्र) आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक र पी एस समेत) | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रक्रिया | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | BNRM/CS/SQ/WORKS/GATE-02/2083/084 | भोक्राहा नरसिंह सिमानाका रोडहरूमा स्वागत गेट निर्माण | रु.१७,२३,५८५।५३ | रु.४३,०००।०० | सिलबन्दी दरभाउपत्र | रु.१०००।०० |
| २. | BNRM/CS/SQ/ROAD-01/2083/084 | वडा नं.१ मिलनचौकदेखि उत्तर रामचन्द्र नेता र रतिलालको घरअगाडि र मिलनचौक पूर्व सुनसरी खोला छेऊ हुँदै भर्लु मेहताको घरतिर जाने ग्रावेल बाटो निर्माण | रु.१३,२२,१९८।९० | रु.३५,०००।०० | सिलबन्दी दरभाउपत्र | रु.१०००।०० |

**शर्तहरू**
१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट ८औं दिन १२:०० बजेभित्र Hand/Courier मार्फत भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालय चिरौली सुनसरीमा सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । दरभाउपत्र दस्तुर वापतको रकम भोक्राहा नरसिंह गा.पा.को भोक्राहास्थित लक्ष्मी सनराईज बैंक लि.मा रहेको आन्तारिक राजस्व खाता नं.०७९०३००००३४ मा जम्मा गरेको भौचर समेत पेश गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता नम्वर, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको लक्ष्मी सनराईज बैंक लि.भोक्राहा सुनसरीस्थित धरौटी खाता नम्बर ०७९०३०००१६८ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' श्रेणीको बैंकबाट जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्ड (दरभाउपत्र जमानत) पेश गर्नु पर्नेछ ।
३. सिलबन्दी दरभाउपत्र मार्फत पेश भएको बोलपत्र ८औं दिन दिनको २:०० बजेदेखि नियमानुसार खोलिनेछ ।
४. सिलबन्दी मार्फत दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन यो सूचना प्रकाशन भएको ७औं दिन कार्यालय समयभित्र हुनेछ वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरू गरिनेछ ।
५. दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालय, चिरौली, सुनसरीमा निहित रहनेछ ।
७. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिले ४५ दिन रहनेछ ।
८. माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि इस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ ।
९. थप जानकारी लिन चाहेमा कार्यालय समयभित्र भोक्राहा नरसिंह गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ ।
१०. अन्य कुराहरू प्रचलित कानून वमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रधानमन्त्रीको न्युयोर्क भ्रमण

# जलवायु न्यायको विषय उठाउन सांसदको माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले संयुक्त राष्ट्रसंघको महासभामा नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विपद् व्यवस्थापन र अन्तर्राष्ट्रिय सहकार्यका विषय विश्वसामु प्रस्तुत गर्न प्रधानमन्त्री वालेन्द्र शाहलाई सुझाव दिएका छन् ।

मंगलबार प्रतिनिधिसभाको विशेष समयमा भाग लिँदै उनीहरूले महासभामा भाग लिने क्रममा प्रधानमन्त्रीले विपद् प्रभावितका लागि राहत तथा पुनर्स्थापनामा सहयोग गर्न अन्तर ाष्ट्रिय समुदायसँग अपिल गर्नुपर्ने धारणा राखे ।

नेकपा एमालेकी सांसद साजिदा खातुन सिद्धिकीले प्रधानमन्त्रीको भ्रमणमा अन्तर्राष्ट्रिय समुदायसमक्ष नेपालको शान्ति, सार्वभौमिकता, जलवायु न्याय, हिमाल संरक्षण, विकासको आधारलगायतका विषय प्रस्तुत गर्नुपर्ने बताइन् । नेपाली कांग्रेसकी सांसद सुशीला ढकाल (आचार्य) ले महासभामा सम्बोधन गर्दा प्रधानमन्त्रीले जलवायु परिवर्तनको असरबाट उत्पन्न पीडा विश्वसामु प्रमाणसहित राख्न सुझाव दिइन् । उनले अन्तर्राष्ट्रिय सहयोगको कुरा गरिरहँदा देशभित्र प्रभावितको राहत र पुनर्स्थापनाप्रतिसमेत जिम्मेवारी स्पष्ट हुनुपर्नेमा जोड दिइन् ।

रास्वपाकी सांसद सुष्मा स्वर्णकारले प्रधानमन्त्रीको भ्रमण फलदायी र उपलब्धिमूलक हुने अपेक्षा गर्दै जलवायु न्यायका सन्दर्भमा नेपालको हिमालको आवाज तथा सीमान्तकृत समुदायलगायत विषय सम्बोधन गर्न माग गरिन् ।

रास्वपाकी अर्का सांसद सुजाता तामाङले विश्व मञ्चबाट जलवायु जोखिम घटाउन विश्व समुदायलाई दबाब दिनुपर्ने बताएइन् । उनले भविष्यमा विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विकास ढाँचा र जमिनको पुन:उत्थान एवं समुदायको सामाजिक-सांस्कृतिक पक्षलाई समेत ध्यानमा राखेर पुनर्स्थापना गर्नुपर्नेमा जोड दिइन् ।

# आठ जनाविरुद्ध चलाइयो भ्रष्टाचार मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेलसहित आठ जनाविरुद्ध मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

त्रिपुरासुन्दरी नगरपालिका-६ स्थित हरियापानी पालुङ माझफाल हुँदै रूकुमसम्म जोड्ने मोटरबाटो निर्माणमा अनियमितता गरेको भन्दै उनीहरूविरुद्ध मुद्दा दायर गरिएको हो । आयोगले आव २०७८/७९ मा विद्युतीय प्रणालीमार्फत भएको ठेक्कामा अनियमितता गरेको व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा एक करोड आठ लाख २६ हजार रूपैयाँ लागत भएको उक्त सडक आयोजनाको ठेक्कामा अनियमितता गरेको भन्दै आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार तत्कालीन निमित्त प्रशासकीय अधिकृत पोखरेल, तत्कालीन इञ्जिनियर कर्णबहादुर कार्की, त्रिपुरासुन्दरी नगरपालिकाका प्रशासकीय अधिकृत हिराचन्द्र धराला, वरिष्ठ लेखा सहायक रूपचन्द्र बुढा, शिक्षा अधिकृत भिमबहादुर थापा, अपरेटर हरिचन्द्र बिष्ट, बोलपत्र मूल्यांकन समितिका सदस्य शिशिरकुमार गुरूङ, छल निर्माण सेवा प्रालिका प्रोपाइटर दिपचन्द्र रोकायाविरुद्ध आरोपपत्र दायर गरिएको हो । आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो ७३ लाख ६१ हजार रूपैयाँ कायम गरी कैद र बिगोबमोजिम जरिवानासहित सजाय माग गरेको छ ।

# जेन-जी आन्दोलनका सहिद परिवार र घाइतेलाई स्नातक तहसम्म नि:शुल्क शिक्षा दिइने

**काठमाडौं (प्रस)–** सरकारले जेन-जी आन्दोलनका सहिद परिवार तथा गम्भीर र अतिगम्भीर घाइतेलाई स्नातक तहसम्म नि:शुल्क शिक्षा उपलब्ध गराउने भएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले तयार गरेको 'जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई नि:शुल्क शिक्षा प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०८३' मा सहिदका छोराछोरी, सहोदर दाजुभाइ-दिदीबहिनी तथा गम्भीर वा अतिगम्भीर घाइते परिचयपत्रवाहकलाई लाभग्राहीका रूपमा समेटिएको छ ।

मापदण्डअनुसार आधारभूत तहमा लाभग्राहीलाई प्रचलित कानुनबमोजिम नि:शुल्क शिक्षासँगै पोशाक तथा पाठ्य र सिकाइ सामग्रीका लागि कक्षा १ देखि ५ सम्म र कक्षा ६ देखि ८ सम्म नगदसहित स्थानीय तहमार्फत उपलब्ध गराइने प्रस्ताव छ ।

माध्यमिक तहमा कक्षा ९ र १० तथा कक्षा ११ र १२ का लागि नगदसहित पोसाक तथा पाठ्य र सिकाइ सामग्रीबापत उपलब्ध गराउने व्यवस्था गरिएको छ । त्यसैगरी, स्नातक तहसम्म अध्ययनका लागि सबै विश्वविद्यालयले उपलब्ध गराउने छात्रवृत्ति कोटामध्ये निश्चित कोटा लाभग्राहीका लागि आरक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त कोटामा छनोट हुन नसकेका विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगमार्फत नगदसहित छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था पनि मापदण्डमा राखिएको छ ।

मापदण्डले संस्थागत विद्यालयले प्रचलित कानुनअनुसार उपलब्ध गराउने छात्रवृत्ति कोटामा लाभग्राहीलाई समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । लाभ लिन आधारभूत तथा माध्यमिक तहका विद्यार्थीले विद्यालयमार्फत स्थानीय तहमा आवेदन दिनुपर्ने छ भने स्नातक तहका लागि सम्बन्धित क्याम्पसमार्फत विश्वविद्यालय अनुदान आयोगमा आवेदन दिनुपर्ने छ ।

आवेदनसँग लाभग्राही परिचयपत्र, नागरिकता वा जन्मदर्ता प्रमाणपत्र, नाता प्रमाणित गर्ने कागजात तथा अध्ययनरत संस्थाको सिफारिस पेस गर्नुपर्ने व्यवस्था मापदण्डमा उल्लेख छ । मन्त्रालयले तयार गरेको मापदण्डमा जेन-जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्ने र आधारभूत तहदेखि स्नातक तहसम्म अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्य राखिएको छ ।

# बंगालको खाडीमा विकसित मौसम प्रणालीबारे मन्त्रीद्वयले लिए जानकारी

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र गृहमन्त्री सुधन गुरुङले 'मौसम पूर्वानुमान एवं बुधबारदेखि देशभर वर्षाको गतिविधि बढ्ने भन्ने' विषयमा जानकारी लिएका छन् ।

मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले बंगालको खाडीमा विकसित भइरहेको न्यूनचापीय प्रणालीको प्रभावले बुधबारदेखि वर्षाको गतिविधि बढ्ने जनाएको थियो । बंगालको खाडीमा विकसित भइरहेको बलियो न्यूनचापीय क्षेत्रबारे जानकारी लिन मंगलबार मन्त्रीद्वय मौसम विज्ञान विभाग पुगेका हुन् । उनीहरूले पानी पार्ने प्रणालीबाट नेपालमा पर्न सक्ने प्रभावबारे विभागका अधिकारीबाट 'ब्रिफिङ' लिएका विभागले जनाएको छ ।

'उक्त प्रणालीको प्रभावले भोलि(बुधबार) देखि नै नेपालमा पानी पर्ने गतिविधि बढ्न सक्छ । यसबारे विभागले नियमित जानकारी गराउने छ,' विभागले जनाएको छ ।


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१८ मा दर्ता भएको **प्रा.लि. नं. २७०४९२ /०७८/०७९** को **डि. पी कन्सल्टेन्ट एण्ड बिल्डर्स प्रा. लि.** को मिति २०८३/०६/०६ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७५/०६/२३ मा दर्ता भएको **प्रा. लि. नं. २००७१४** को **चम्पाकेश्रर कृषि एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना !

*प्रकाशित मिति २०८३/०६/०६ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त **श्री OMEGA INTERNATIONAL PVT. LTD.** (ई.प.नं.१३५२/०७४/७५) को तपसिल बमोजिमका सञ्चालकहरू/शेयरधनको मृत्यु भएकाले निजको नाममा कायम रहेको शेयरहरू हक हस्तान्तरण गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग वमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र दिन** भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल:**

| क्र.सं. | साविकका शेयरधनीहरूको नाम | अब कायम हुने शेयरधनीहरूको नाम |
|---|---|---|
| १. | रंजिता क्षेत्री चौधरी (०१-१६,२५०) | राज कुमार राई (१-१६,२५०) (४८,७५१-६५,०००) |
| २. | नवराज लुइटेल (१६,२५१-३२,५००) | |
| ३. | दिनकर जोशी (३२,५०१-४८,७५०) | दिनकर जोशी (१६, २५१-४८,७५०) |
| ४. | राज कुमार राई (४८,७५१-६५,०००) | |



## युएइमा रोजगार

कम्पनी : METROZEN HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348207 | चलानी नं. ६०२६१४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 15 | 1000 | ४१,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## मलेसियामा रोजगारको

कम्पनी : Indah Security Services Sdn.bhd.

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पून विज्ञापन स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 336494 | चलानी नं. ६०२४९९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 44 | 0 | 1700 | ६३,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dream International H.R. Pvt.Ltd.**
श्रम ईजाजत नं. १७३२/०८१/०८२
Chakrapath-4, Kathmandu, Head office, Nepal
Phone : 01-4548444, 9851030654, 9801031980, 9851095516,9803395319,9841781155
E-mail : info@dreamintl.com.np



## मलेसियामा रोजगार

कम्पनी : ANIKA INDUSTRI KONKRIT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348280 | चलानी नं. ६०२६१४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory General Worker | 6 | 0 | 1700 | ६३,९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066



## कतारमा रोजगार

कम्पनी : ABINAYAA CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348251 | चलानी नं. ६०२६१४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 1 | 0 | 1500 | ६२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CONCRETE MASON | 4 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 3 | PAINTER ASSISTANT/METALS | 10 | 0 | 1300 | ५४,२८४ | | | | | | | |
| 4 | Building Painter | 16 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 5 | Stone Mason | 1 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 6 | GENERAL STEEL FIXER | 5 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 7 | Carpenter | 5 | 0 | 1500 | ६२,६३५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३२८/०७४/७५

**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np



## साउदीमा रोजगार

कम्पनी : PO COFFEE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348269 | चलानी नं.६०२६१५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1200 | ४८,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KRO ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348270 | चलानी नं.६०२६१५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1200 | ४८,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HASSAN MOHAMMED HASSAN NAHAS FACTORY FOR FOOD PRODUCTION

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348225 | चलानी नं.६०२६१५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 3 | 0 | 1000 | ४०,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LUXURY VINTAGE SHOP FOR GIFTS

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348224 | चलानी नं.६०२६१५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKAGING AND PACKAGING WORKER | 2 | 0 | 1200 | ४८,८५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति ।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको ।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष ।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष ।

नोट: +2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

- तलब: योगयता तथा अनुभवअनुसार Negotiable
- आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## युएइमा रोजगार

कम्पनी : PETROTECHNIC GENERAL CONTRACTING LLC - SPC

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 324177 | चलानी नं. ६०२३८२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | carpenter | 1 | 0 | 1200 | ५०,१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | electrician | 1 | 0 | 1200 | ५०,१०९ | | | | | | | |
| 3 | concrete masons | 2 | 0 | 1200 | ५०,१०९ | | | | | | | |
| 4 | labourer/worker/building worker/worker | 1 | 0 | 1000 | ४१,७५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## बीमालेख हराएको सूचना

यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दावी गर्न नआएमा निजहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| बीमालेख नं. | बीमितको नाम | बीमितको ठेगाना |
|---|---|---|
| २१३०१११७४ | श्री करुना चौधरी | हेलुकी-३, दाङ |
| २१३००८१०९ | श्री असिस्मा बोहरा | त्रिवेणी -५, सल्यान |
| २०२००४९८३ | श्री बिनिता कार्की | पथरीपथरीशनिश्चरे न.पा.वडा न. ४, मोरङ |
| २०२००४९८२ | श्री सरिता कार्की | शनिश्चरे गा.बि.स वडा न. ८, मोरङ |
| ०१४००१३१२ | श्री नविन दरै | व्यास न पा वडा न १०, तनहु |
| ०६००२९९९२ | श्री आरती न्यौपाने | धनगढी उपमहा न.पा.वडा नं.३, कैलाली |
| ०४०००८४५० | श्री भुमाकला कंडेल | भरतपुर गा वि स ११, चितवन |
| २३१०००५१५ | श्री होम बहादुर थापा | किहुँ गा.वि.स, वडा नं १, तनहुँ |
| ०९०००५५७३ | श्री राम कुमार | धनुषाधाम न.पा.वडा नं.८ |
| ०९०००२२८८ | श्री चौधरी महतो | बर्दिबास गा.बि.स. वाड नं. ५, महेतरी |
| ०४१००८४०३ | श्री बसन्ती चौधरी | हेकुली गा.वि.स.वडा नं.८, दाङ |
| २०९०००६५९ | श्री विशाल पाण्डे खत्री क्षेत्री | स्यूजा गा.वि.स.वडा नं.९, दाङ |
| ०४२००५०६२ | श्री रोजित गोतामे | भरतपुर म.न.पा.वडा नं.५, चितवन |
| ०३००११०६५ | श्री निरज कुमार गुप्ता | बिरगन्ज १४, पर्सा |
| ०२९०००१९८ | श्री ज्योती कुमारी चौधरी | राजापुर न पा - ०४, बर्दिया |
| २२७०००१८७ | श्री अर्विन चौधरी | दौलतपर गा.वि.स.वडा नं. ३, बर्दिया |
| २४०००१०८१ | श्री सीता पाण्डे | दर्छा गा.वि.स.वडा.नं.५, पाल्पा |
| ०२३००३२८१ | श्री तारा देवी राई | मकालु गा.पा. ३, संखुवासभा |
| ०२३००१९६९ | श्री अन्जान राई | मकालु गा.पा.वडा नं.३, संखुवासभा |
| २०१०१६१९६ | श्री रियान राई | धरान उप.म.न.पा.वडा नं १५, सुन्सरी |
| २४०००४०९५ | श्री प्रिसेस रुचाल | विरकोट गा.वि.स.वडा.नं.४, पाल्पा |
| २०६००३९५९ | श्री करुणा पाण्डे | बढैयाताल गा.पा वडा नं. ४, बर्दिया |
| २१३०१०७५२ | श्री सुदिप रोका | तुलसीपुर-१९, दाङ |
| ०१००८७१६८ | श्री सुरेश मणि त्रिपाठी | टिकापुर न.पा. वडा नं.९, कैलाली |
| ०८०००७५३७ | श्री टिका भण्डारी | फुएतप्पा गा.वि.स. वडा नं. ०९, इलाम |
| २०१०१८३०० | श्री रमिला वस्नेत | इटहरी उप .मा. न. पा वडा न - २०, सुनसरी |
| ०५९००४८१९ | श्री भूमिका थापा | नारायण नगरपालिका - २, दैलेख |
| ०८०००७२९४ | श्री दिब्या लुइटेल | शनिश्चरे गा.वि.स. वडा नं. ०६, झापा |

National Life
for a secure future....
लाजिम्पाट, काठमाडौं, फोन: ४५१४७९९
वेभ: www.nationallife.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### १४ मिनेटको सम्बोधन: पीडा बुझाउने, न्याय माग्ने अवसर

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा भाग लिन प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल न्युयोर्क प्रस्थान गरेको छ । यसपटकको विदेश भ्रमण केवल एउटा नियमित कूटनीतिक औपचारिकता वा परम्परागत सहभागितामामात्र सीमित छैनह यसले नेपाली कूटनीतिको शैली र प्राथमिकता दुवैमा आएको एउटा महत्त्वपूर्ण परिवर्तनको संकेत गरेको छ । विगतमा राष्ट्रप्रमुख वा सरकारप्रमुख विदेश भ्रमणमा निस्कँदा विमानस्थलमा देखिने मन्त्रीहरूको लावालस्कर, उच्चपदस्थ अधिकारीहरूको अनावश्यक उपस्थिति, सेनाको विशेष सलामी र फूलगुच्छाको तडकभडक यस पटक पूर्णतः गायब रह्यो। सरकारी कार्यालयको नियमित काम रोकेर बिदाइ गर्न विमानस्थल पुग्ने पुरानो संस्कारलाई तोड्दै प्रधानमन्त्री सीधा मन्त्रिपरिषद्को कार्यालयबाट विमानस्थल पुगेर नियमित व्यावसायिक उडानमार्फत अमेरिकातर्फ लाग्नुले राज्यको साधन–स्रोतको बचत र सादगीको सन्देश दिएको छ ।

विगतका भ्रमणहरूमा प्रधानमन्त्रीका पछाडि दर्जनौं अनावश्यक व्यक्तिहरू समेटेर 'जम्बो टोली' बनाउने र राज्यको ढुकुटीको दोहन गर्ने प्रवृत्ति झाँगिएको थियो । त्यसको चौतर्फी आलोचना हुँदै आएको पृष्ठभूमिमा सीमित सल्लाहकार र सचिवालयका सदस्यमात्र सहभागी गराएर भ्रमण टोलीलाई चुस्त बनाउनु प्रशंसनीय कदम हो । यसले कूटनीतिक भ्रमण प्रदर्शन वा भ्रमणभत्ता पचाउने माध्यम होइन, बरु ठोस राष्ट्रिय हित साध्ने एउटा गम्भीर उत्तरदायित्व हो भन्ने कुरालाई पुनः स्थापित गरेको छ । पोसाकदेखि संस्कारसम्मका परम्परागत आडम्बरलाई पन्छाएर सादगी र काममा केन्द्रित हुने यो शैलीलाई स्वागतयोग्य मान्नुपर्छ ।

यद्यपि, भ्रमणको सादगी र टोलीको आकार जति महत्त्वपूर्ण छ, त्योभन्दा धेरै गुणा बढी महत्त्वपूर्ण प्रधानमन्त्री शाहले अन्तर्राष्ट्रिय मञ्चमा उठाउने विषयवस्तु र त्यसको परिणाम हो । प्रधानमन्त्रीले महासभालाई सम्बोधन गर्ने १४ मिनेटको समय नेपालका लागि अत्यन्तै संवेदनशील र दूरगामी महत्त्वको छ । हालै नेपालले भोगेको प्राकृतिक विपद्, विशेषगरी भोटेकोशी र त्रिशूली नदीको विनाशकारी बाढीका कारण हजारौं नागरिकले ज्यान गुमाउनुपरेको र कयौं बेपत्ता भएको कारुणिक यथार्थलाई विश्वसमुदायसामु प्रस्तुत गर्नु मुख्य चुनौती हो । नेपालले विश्वव्यापी कार्बन उत्सर्जनमा नगण्य भूमिका खेले पनि जलवायु परिवर्तनको सबैभन्दा ठूलो र घातक मार खेप्न बाध्य छ । यो केवल एउटा प्राकृतिक प्रकोपमात्र नभई विश्वव्यापी अन्यायको विषय हो ।

तसर्थ, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँगको भेट र महासभाको सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले जलवायु न्याय, प्रविधि हस्तान्तरण र सहज जलवायु वित्तको मुद्दालाई अडानका साथ उठाउनुपर्छ । जलवायुजन्य विपद्बाट थला परेको नेपालको पुनर्निर्माणका लागि विश्व समुदायबाट निःशर्त र उदार अन्तर्राष्ट्रिय सहयोग जुटाउन सक्नु नै यो भ्रमणको मुख्य सफलता हुने छ । मुस्ताङको जलवायु सम्मेलनदेखि राष्ट्रसंघको मञ्चसम्म नेपालले आफ्नो पीडा र अधिकारको विषय जसरी उठाउँदै आएको छ, त्यसलाई अब मौखिक प्रतिबद्धतामामात्र सीमित नराखी ठोस आर्थिक र प्राविधिक सहयोगमा बदल्न सक्नुपर्छ ।

कूटनीति भाषण र प्रक्रियामा होइन, परिणाममा मापन हुन्छ । भ्रमण टोली सानो बनाएर आर्थिक मितव्ययिता कायम गर्नु एउटा सकारात्मक सुरुवात हो, तर यसको वास्तविक सार्थकता तबमात्र सिद्ध हुने छ जब न्युयोर्कको मञ्चबाट नेपालले आफ्नो हक र न्यायको पक्षमा विश्वको ध्यान आकर्षित गर्न सक्ने छ । प्रधानमन्त्रीको यो भ्रमणले नेपालको साख बढाओस्, जलवायु न्यायको लडाइँलाई उचाइमा पुर्‍याओस् र बाढीपहिरोबाट प्रभावित नेपाली जनताको पुनर्निर्माण र पुनर्स्थापनाका लागि ठोस अन्तर्राष्ट्रिय सहयोगको बाटो खोलोस् । सादगीबाट सुरु भएको यो भ्रमणको अन्त्य ठोस परिणामसहित होस् भन्ने नै अहिलेको मुख्य अपेक्षा हो ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तै: बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।

# भोटेकोशीको पीडालाई अन्तर्राष्ट्रिय प्रतिबद्धतामा बदल्ने अवसर



❑ आरपी गैरे

> प्रभावकारी सम्बोधनका लागि भावनात्मक प्रस्तुतिमात्र पर्याप्त हुँदैन । भोटेकोशीमा ज्यान गुमाएका, बेपत्ता भएका, विस्थापित भएका परिवारको पीडा अन्तर्राष्ट्रिय समुदायलाई सुनाउनु आवश्यक छ, तर त्यससँगै तथ्यांक, नक्सा, क्षतिको मूल्यांकन, पुनर्निर्माणको लागत र आवश्यक प्रविधि तथा वित्तीय सहयोगको स्पष्ट प्रस्ताव राख्न सकियो भने त्यो पीडाले नीति र साझेदारीको रूप लिन सक्छ । नेपालको दु:खलाई विश्वमञ्चमा प्रस्तुत गर्ने र त्यसबाट दीर्घकालीन अन्तर्राष्ट्रिय सहयोगको ढोका खोल्ने अवसरका रूपमा महासभालाई उपयोग गर्न सकिन्छ ।

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले गर्ने सम्बोधन नेपालको कूटनीतिक उपस्थितिको एउटा नियमित औपचारिकतामात्र होइन, अहिलेको नेपालले विश्व समुदायसँग आफ्ना प्राथमिकता, पीडा, अपेक्षा र जिम्मेवारीबारे संवाद गर्ने महत्त्वपूर्ण अवसर बन्न सक्छ। विशेषतः भदौ १० गते भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढीले नेपाललाई दिएको मानवीय, सामाजिक र आर्थिक क्षतिको पृष्ठभूमिमा प्रधानमन्त्रीको सम्बोधनले जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण, जलवायु न्याय र अन्तर्राष्ट्रिय सहयोगका विषयलाई केन्द्रमा राख्न सक्ने आधार तयार भएको छ। संयुक्त राष्ट्रसंघको महासभा विश्वका राष्ट्र तथा सरकार प्रमुखहरूले राष्ट्रिय सरोकारलाई अन्तर्राष्ट्रिय बहससँग जोड्ने उच्चस्तरीय मञ्च भएकाले त्यहाँ व्यक्त हुने प्रत्येक शब्दको कूटनीतिक र राजनीतिक अर्थ हुन्छ।

भदौ १० को भोटेकोशी विपद्ले नेपालका लागि जलवायु जोखिम कुनै भविष्यको सम्भावित संकट नभई वर्तमानमै भोगिरहेको यथार्थ हो भन्ने प्रश्नलाई अझ गम्भीर बनाएको छ। प्रारम्भिक सरकारी मूल्यांकनअनुसार बाढीबाट पाँच जिल्लामामात्रै करिब ४०८ अर्ब रूपैयाँबराबरको क्षति तथा आर्थिक नोक्सानी भएको र सात हजार ५७० घरमा क्षति पुगेको उल्लेख छ। निजी क्षेत्रतर्फको क्षति पनि ठूलो रहेको प्रारम्भिक मूल्यांकनले देखाएको छ। यसले विपद्को अर्थ केवल मृत्यु, बेपत्ता र घर भत्किनुमा सीमित हुँदैन भन्ने देखाएको छ। सडक, पुल, जलविद्युत्, व्यापार-व्यवसाय, विद्यालय, कृषि, पर्यटन र स्थानीय अर्थतन्त्रमा परेको असरले विपद्पछिको पुनर्निर्माणलाई दीर्घकालीन आर्थिक चुनौतीमा परिणत गरिदिन्छ।

यस विपद्को प्रकृतिलाई लिएर वैज्ञानिक अध्ययन र सरकारी मूल्यांकनले पनि थप अध्ययन आवश्यक रहेको देखाउँछन्। विश्व स्वास्थ्य संगठनको नेपालसम्बन्धी विवरणअनुसार भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढी तिब्बततर्फको लेहन्दे नदीमा भएको सम्भावित हिमपहिरो तथा अस्थायी बाँध बनेर पानी थुनिएपछि अचानक फुटेको घटनासँग सम्बन्धित हुन सक्ने प्रारम्भिक आकलन गरिएको छ। अर्कोतर्फ, पछिल्ला वैज्ञानिक अध्ययनहरूले हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमनदी पातलिँदै जानु र पर्माफ्रोस्ट पग्लिनुले उच्च हिमाली भूभागको अस्थिरता बढाइरहेको देखाएका छन्। त्यसैले प्रधानमन्त्रीको सम्बोधनमा भोटेकोशीलाई केवल एउटा प्राकृतिक विपद्को रूपमा प्रस्तुत गर्नु पर्याप्त हुँदैन; यसलाई हिमाली पारिस्थितिक प्रणाली, बदलिँदो जलवायु र बढ्दो विपद् जोखिमसँग जोडेर प्रमाणमा आधारित ढंगले प्रस्तुत गर्नु बढी प्रभावकारी हुन सक्छ।

नेपालले विगतदेखि नै जलवायु परिवर्तनमा आफ्नो योगदान न्यून भए पनि त्यसका असरबाट उच्च जोखिममा रहेको कुरा अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाउँदै आएको छ। संयुक्त राष्ट्रसंघको महासभामा नेपालले यसअघि पनि हिमालयको तापक्रम वृद्धि, हिमनदी पग्लने क्रम, बाढी तथा अन्य जलवायुजन्य विपद् र जलवायु वित्तको आवश्यकतालाई जोड दिएको छ। ७८औं महासभामा नेपालका तत्कालीन प्रधानमन्त्रीले नेपालले सन् २०४५ सम्म नेट-जिरो उत्सर्जनको लक्ष्य लिएको, जलवायु अनुकूलन र न्यूनीकरणमा काम गरिरहेको तथा जलवायु वित्तमा सहज पहुँच आवश्यक रहेको बताएका थिए। उनले 'लस एण्ड डयामेज' कोषलाई प्रभावकारी बनाउनुपर्ने र जलवायु संकटबाट बढी प्रभावित देशलाई क्षतिपूर्ति तथा सहयोगको आवश्यकता औंल्याएका थिए।



त्यसैले अहिले प्रधानमन्त्री शाहले महासभामा उठाउने जलवायु न्यायको मुद्दा नयाँ नाराका रूपमा होइन, नेपालले विगतमा अन्तर्राष्ट्रिय मञ्चमा राख्दै आएका प्रतिबद्धता र मागलाई भोटेकोशीको ताजा अनुभवसँग जोडेर अघि बढाउन सक्ने विषय हो। जलवायु परिवर्तनमा ऐतिहासिकरूपमा बढी योगदान गरेका तथा ठूलो उत्सर्जन गर्ने राष्ट्रहरूले जलवायु संकटबाट प्रभावित न्यून उत्सर्जन गर्ने देशहरूको अनुकूलन क्षमता निर्माणमा पर्याप्त सहयोग गर्नुपर्ने बहस लामो समयदेखि अन्तर्राष्ट्रिय जलवायु वार्ताको हिस्सा रहँदै आएको छ। संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यअन्तर्गत पनि जलवायुजन्य जोखिम तथा प्राकृतिक विपद्प्रति लचिलोपन बढाउने, पूर्वसूचना प्रणाली बलियो बनाउने र विकासशील मुलुकको क्षमता अभिवृद्धिमा सहयोग गर्ने विषय स्पष्टरूपमा समेटिएका छन्।

तर जलवायु न्यायको बहस केवल 'ठूला देशले पैसा दिनुपर्छ' भन्ने सामान्य राजनीतिक भाषणमा सीमित भयो भने त्यसले अपेक्षित परिणाम नदिन सक्छ। प्रधानमन्त्रीको सम्बोधनले नेपाललाई वास्तवमा कस्तो सहयोग चाहिएको हो भन्ने कुरा स्पष्ट र मापनयोग्य रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता छ। हिमनदी र हिमतालको निरन्तर निगरानी, उच्च हिमाली क्षेत्रमा उपग्रहबाट प्राप्त तस्बिर तथा तथ्यांकमा पहुँच, ती तथ्यांक विश्लेषण गर्ने प्राविधिक क्षमता, नदीको बहाव मापन गर्ने स्वचालित प्रणाली, मौसम पूर्वानुमान, बाढीको पूर्वसूचना, सुरक्षित बस्ती विकास, जलवायु अनुकूल सडक र पुल, सुरक्षित जलविद्युत् पूर्वाधार तथा विपद्पछि तत्काल परिचालन गर्न सकिने वित्तीय संयन्त्रजस्ता विषयलाई नेपालले ठोस प्राथमिकताका रूपमा प्रस्तुत गर्न सक्छ।

नेपालका लागि अर्को महत्त्वपूर्ण प्रश्न अन्तर्राष्ट्रिय वित्तको पहुँच हो। जलवायु संकटको असर भोगिरहेका देशहरूका लागि घोषणा गरिएका विभिन्न कोष र वित्तीय संयन्त्रमा पहुँच पाउनु अझै जटिल विषय रहँदै आएको छ। नेपालमा संयुक्त राष्ट्रसंघीय निकायहरूले पनि राष्ट्रिय अनुकूलन योजना र राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनका लागि जलवायु वित्तमा पहुँच विस्तार तथा पहलमार्फत पूर्वसूचना प्रणाली बलियो बनाउन सहयोग गर्ने प्राथमिकता उल्लेख गरेका छन्। यसको अर्थ अब नेपालले अन्तर्राष्ट्रिय सहयोग माग्दा रकमको सामान्य मागभन्दा परियोजना, आवश्यकता, जोखिम र परिणामको स्पष्ट खाका प्रस्तुत गर्नुपर्ने अवस्था छ।

भोटेकोशीले यही पाठ पनि दिएको छ। विपद् आउनुअघि जोखिम पहिचान गर्न सक्ने क्षमता, विपद् आउँदै छ भन्ने सूचना समयमै गाउँ-बस्तीमा पुर्‍याउन सक्ने प्रणाली र त्यसअनुसार सुरक्षित स्थानमा मानिसलाई सार्न सक्ने संस्थागत क्षमता भए क्षतिको मात्रा घटाउन सकिन्छ। त्यसका लागि नेपाललाई प्रविधि, जनशक्ति र वित्त तीनै क्षेत्रमा सहयोग आवश्यक छ। हिमालको माथिल्लो भागमा के भइरहेको छ भन्ने जानकारी केही घण्टा वा दिनअघि नै पाउन सकिने प्रणाली र नदीको तल्लो तटीय क्षेत्रमा त्यसको सूचना तत्काल पुर्‍याउन सकिने संयन्त्र निर्माण गर्न सके भोलिका भोटेकोशी, मेलम्ची वा अन्य नदीजन्य विपद्मा मानवीय क्षति घटाउन सकिन्छ।

यसै कारण प्रधानमन्त्रीको सम्बोधनमा 'विपद्पछि सहयोग' भन्दा 'विपद्अघि लगानी' को अवधारणालाई प्राथमिकता दिनु महत्त्वपूर्ण हुन सक्छ। उद्धार र राहतका लागि अन्तर्राष्ट्रिय समुदायबाट सहयोग प्राप्त गर्नु आवश्यक छ, तर हरेक वर्ष विपद् आएपछि राहत माग्ने अवस्थाबाट बाहिर निस्कन नेपालले जोखिम न्यूनीकरणमा दीर्घकालीन लगानीका लागि अन्तर्राष्ट्रिय साझेदारी खोज्नुपर्ने हुन्छ। सुरक्षित पूर्वाधार निर्माण, नदी प्रणालीको वैज्ञानिक अध्ययन, जोखिमयुक्त बस्तीको व्यवस्थापन र पूर्वसूचना प्रणालीमा गरिएको एक रूपैयाँको लगानीले विपद्पछिको अर्बौं रूपैयाँको क्षति रोक्न सक्ने आधार बन्न सक्छ।

यसको अर्को पाटो नेपालभित्रको तयारी हो। अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्याय मागिरहँदा नेपालले आफ्नै नीति, योजना र विकास प्रक्रियामा जलवायु जोखिमलाई कति गम्भीरतापूर्वक समेटेको छ भन्ने प्रश्न पनि उठ्छ। जोखिमयुक्त नदी किनारमा बस्ती विस्तार, कमजोर पूर्वाधार, वातावरणीय अध्ययनको प्रभावकारी कार्यान्वयनको अभाव र विपद् जोखिमलाई विकास योजनासँग पर्याप्तरूपमा नजोड्दा बाहृय सहयोगलेमात्रै समस्या समाधान गर्दैन। त्यसैले महासभाको सम्बोधनमा अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्दै गर्दा नेपालले आफ्नै तर्फबाट गर्ने सुधार, लगानी र संस्थागत प्रतिबद्धता पनि प्रस्तुत गर्नु आवश्यक हुन्छ। यसले नेपालको मागलाई थप विश्वसनीय बनाउन सक्छ।

जलवायु परिवर्तनको विषयलाई नेपालको आर्थिक विकाससँग जोड्नु पनि उत्तिकै आवश्यक छ। जलवायु संकटले घर र पुलमात्र भत्काउँदैन; यसले उत्पादन, रोजगारी, पर्यटन, कृषि, जलविद्युत् र निजी लगानीमासमेत असर गर्छ। भोटेकोशी बाढीको प्रारम्भिक मूल्यांकनमा हजारौं घरसँगै व्यवसाय र जलविद्युत् परियोजनामा ठूलो क्षति भएको तथ्यले यसको पुष्टि गर्छ। त्यसैले नेपालले अन्तर्राष्ट्रिय समुदायसँग जलवायु अनुकूलनका लागि सहयोग माग्दा त्यसलाई 'विकास रोक्न होइन, सुरक्षित विकास गर्न' आवश्यक पर्ने लगानीका रूपमा व्याख्या गर्न सक्छ।

विद्यालय र शिक्षा क्षेत्रमा परेको क्षति पनि यस बहसको महत्त्वपूर्ण हिस्सा हो। भोटेकोशी बाढीबाट रासुवा, नुवाकोट र धादिङका १८ विद्यालय प्रभावित भएको र पुनर्निर्माणका लागि करिब ४.२३ अर्ब रूपैयाँ आवश्यक पर्ने सरकारी मूल्यांकन उद्धृत गरिएको छ। विपद्ले एउटा पुस्ताको शिक्षा नै अवरुद्ध पार्न सक्ने भएकाले जलवायु अनुकूलनलाई केवल भौतिक संरचनाको विषय नबनाई मानव विकासको विषयका रूपमा पनि अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न सकिन्छ।

त्यस्तै, भोटेकोशीजस्ता विपद्मा नेपाल एक्लो छैन भन्ने सन्देश पनि महत्त्वपूर्ण छ। विपद्का समयमा उद्धार, स्वास्थ्य, मानवीय सहायता र प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय समुदायले देखाएको चासोले बहुपक्षीय सहकार्यको महत्त्व देखाएको छ। अब त्यही सहकार्यलाई विपद् सकिएपछि समाप्त हुने राहत अभियानबाट दीर्घकालीन साझेदारीमा रूपान्तरण गर्ने चुनौती छ। नेपालले संयुक्त राष्ट्रसंघ, विश्व बैंक, एसियाली विकास बैंक, हरित जलवायु कोष, लस एण्ड डयामेजसम्बन्धी वित्तीय संयन्त्र तथा अन्य विकास साझेदारसँग समन्वय गरेर दीर्घकालीन जलवायु-लचिलो पूर्वाधारको कार्यक्रम अघि बढाउन सक्छ।

प्रधानमन्त्री शाहको महासभा सम्बोधनका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको प्रमाण र प्रतिबद्धताबीचको सम्बन्ध हो। नेपालले विगतका महासभा, जलवायु सम्मेलन तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका माग र प्रतिबद्धताहरूको सूची बनाएर अहिलेको अवस्थासँग तुलना गर्न सक्छ। के प्रतिबद्धता पूरा भए, कुन क्षेत्रमा प्रगति भयो, कहाँ वित्तीय तथा प्राविधिक सहयोग पुगेन र अब के आवश्यक छ भन्ने तथ्यसहित प्रस्तुत गर्न सकिए सम्बोधनको प्रभाव बढ्ने छ। संयुक्त राष्ट्रसंघका महासचिवले पनि विगतमा जलवायु र विकासशील मुलुकका लागि गरिएका वित्तीय प्रतिबद्धता व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए।

यही ठाउँमा प्रधानमन्त्रीको सम्बोधनले नेपालको नयाँ मागमात्रै होइन, अन्तर्राष्ट्रिय समुदायसँग गरिएको पुरानो वाचाको हिसाब पनि खोज्न सक्छ। विकसित राष्ट्रहरूले जलवायु वित्तका सम्बन्धमा गरेका प्रतिबद्धताको कार्यान्वयन, अनुकूलन वित्तमा वृद्धि, लस एण्ड डयामेजसम्बन्धी संयन्त्रको प्रभावकारिता तथा प्रविधि हस्तान्तरणका विषयलाई स्पष्टरूपमा उठाउन सकिन्छ। नेपालले 'हामीलाई सहयोग गर' भन्नेमात्र होइन, 'पहिले गरिएका प्रतिबद्धता यसरी कार्यान्वयन गर, त्यसबाट नेपालजस्ता जोखिममा रहेका मुलुकले यसरी लाभ लिन सक्छन्' भन्ने तथ्यमा आधारित प्रस्ताव राख्न सक्ने अवस्था बनाउनुपर्छ।

महासभामा नेपालको अर्को बलियो पक्ष हिमालय हो। हिमालय नेपालका लागि केवल भौगोलिक पहिचान होइन, एसियाका करोडौं मानिसको पानी, कृषि, ऊर्जा र पारिस्थितिक सुरक्षासँग जोडिएको क्षेत्र हो। हिमाली क्षेत्रमा हुने परिवर्तनको प्रभाव नेपालको सीमाभित्र मात्र सीमित हुँदैन। त्यसैले हिमालयको संरक्षणलाई विश्वव्यापी सार्वजनिक सरोकारका रूपमा स्थापित गर्न सकिए नेपालको आवाज अझ व्यापक बन्न सक्छ। हिमनदी, हिमताल र पर्वतीय पारिस्थितिक प्रणालीको अध्ययन तथा अनुगमनमा अन्तर्राष्ट्रिय साझेदारी आवश्यक छ भन्ने विषयलाई पनि यही सन्दर्भमा जोड्न सकिन्छ।

तर प्रभावकारी सम्बोधनका लागि भावनात्मक प्रस्तुतिमात्र पर्याप्त हुँदैन। भोटेकोशीमा ज्यान गुमाएका, बेपत्ता भएका, विस्थापित भएका परिवारको पीडा अन्तर्राष्ट्रिय समुदायलाई सुनाउनु आवश्यक छ, तर त्यससँगै तथ्यांक, नक्सा, क्षतिको मूल्यांकन, पुनर्निर्माणको लागत र आवश्यक प्रविधि तथा वित्तीय सहयोगको स्पष्ट प्रस्ताव राख्न सकियो भने त्यो पीडाले नीति र साझेदारीको रूप लिन सक्छ। नेपालको दु:खलाई विश्वमञ्चमा प्रस्तुत गर्ने र त्यसबाट दीर्घकालीन अन्तर्राष्ट्रिय सहयोगको ढोका खोल्ने अवसरका रूपमा महासभालाई उपयोग गर्न सकिन्छ।

प्रधानमन्त्री शाहको नेतृत्वमा संयुक्त राष्ट्रसंघको भ्रमण टोली परिवर्तन हुनुको पृष्ठभूमिमा भोटेकोशी विपद्को विषय जोडिएको अवस्थामा उनको उपस्थितिप्रति अन्तर्राष्ट्रिय चासो पनि स्वाभाविक रूपमा बढ्न सक्छ। त्यसैले महासभामा प्रधानमन्त्रीले गर्ने सम्बोधन केवल नयाँ सरकारको परिचय दिने अवसर होइन; नयाँ सरकारको अन्तर्राष्ट्रिय प्राथमिकता स्पष्ट गर्ने अवसर पनि हो। २०८२ भदौ २३-२४ को जेन-जी आन्दोलनपछि बनेको नयाँ राजनीतिक परिस्थितिबाट २०८२ फागुन २१ को निर्वाचन हुँदै प्रधानमन्त्रीको जिम्मेवारीमा पुगेका शाहले देशभित्रको परिवर्तनको सन्देश र देशबाहिरको जलवायु संकटको सन्देशलाई एउटै सम्बोधनमा जोड्न सक्ने अवस्था छ। तर त्यसो गर्दा घरेलु राजनीतिक घटनालाई अन्तर्राष्ट्रिय मञ्चमा अनावश्यकरूपमा विस्तार गर्नुभन्दा सुशासन, पुस्तान्तरण, रोजगारी, प्रविधि, दिगो विकास र जलवायु सुरक्षाजस्ता साझा मुद्दासँग जोड्नु बढी अर्थपूर्ण हुने छ।

अन्ततः ८१औं महासभामा नेपालको आवाज कति प्रभावकारी हुन्छ भन्ने कुरा सम्बोधनको लम्बाइ वा भाषणको शैलीलेमात्र निर्धारण गर्दैन। नेपालले आफ्नो समस्या कति स्पष्टसँग प्रमाणित गर्छ, अन्तर्राष्ट्रिय समुदायसँग कस्तो ठोस सहयोग माग्छ, विगतका प्रतिबद्धताको कार्यान्वयन कसरी खोज्छ र आफूले गर्ने कामबारे कति विश्वसनीय प्रतिबद्धता व्यक्त गर्छ भन्ने कुराले त्यसको प्रभाव निर्धारण गर्ने छ। भोटेकोशीको विनाश नेपालका लागि दु:खद् राष्ट्रिय घटना हो, तर त्यसले हिमाली देशहरूले भोगिरहेको जलवायु जोखिमलाई विश्वसामु अझ स्पष्टरूपमा राख्ने अवसर पनि दिएको छ।



**क्षतिग्रस्त आयोजनाको सुरुङ** | गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीले क्षतिग्रस्त चिलिमे जलविद्युत् आयोजनाको सुरुङ । *तस्बिर: रासस*

# कर्णाली करिडोर: छारेभिरको पहिरो पन्छाउन सकस



**हुम्ला–** कर्णाली करिडोरअन्तर्गत सर्केगाड गाउँपालिका-२ रिप नजिकैको छारेभिरमा पहिरोसँगै ढुंगा पन्छाउन समस्या भएको छ । दुई स्थानबाट पहिरो खसेपछि करिब १०० मिटर सडकमा ठूला/ठूला ढुंगा थुप्रिएका छन् ।

पहिरो खस्ने क्रम अझै नरोकिएको र सडकमा खसेका ढुंगा सामान्य 'स्काभेटर'ले हटाउन नसकिने भएकाले विस्फोट गराएर फुटाउनुपर्ने अवस्था आएको हिल्सा-सिमकोट सडक आयोजनाका प्रमुख बेलबहादुर नेपालीले जानकारी दिए । उनका अनुसार 'ठूला ढुंगा खसेकाले स्काभेटरबाट मात्रै हटाउन सम्भव देखिएन । ड्रिल मेसिन प्रयोग गरेर ब्लास्टिङको तयारी भइरहेको छ ।'

उनका अनुसार विस्फोटनका लागि आवश्यक तयारी भइरहेको भए पनि मौसम तथा अन्य प्राविधिक अवस्थाले साथ दिएन भने सडक सञ्चालनमा ल्याउन करिब एक साता अझै लाग्न सक्ने देखिएको छ । यसका लागि आवश्यक बजेटकोसमेत व्यवस्थापन गर्नुपर्ने भएको र आयोजना कार्यालयले सडक खुलाउन निरन्तर काम गरिरहेको उनले बताए ।

पहिरोका कारण सडकबाट नियमित आवतजावत गर्न नसकेपछि यात्रुहरू जोखिम मोलेर वैकल्पिक बाटो अर्थात् सडकको भीरतर्फ डोरी लगाएर भऱ्याङ बनाइ वारपार गरिरहेका स्थानीय कमल बुढाले बताए ।

ज्ञानोदय माध्यमिक विद्यालयका शिक्षक रिमिलाल बुढाले निकै कठिनपुर्ण यात्रा गरेर सिमकोट पुगेको सुनाए । उनले भने, 'जिल्ला प्रशासन कार्यालयलगायत विभिन्न सरोकारवाला निकाससँग सम्पर्क गर्दा उपाय नलागेपछि हामीले अन्तिम विकल्पको रूपमा भऱ्याङ लगाएर डोरीको सहायतमा भीर छिचोलेर सारै कष्टकर र जोखिम यात्रा झेलेर सदरमुकाम सिमकोट पुगेका हौं ।'

सडक अवरुद्ध भएपछि कर्णाली करिडोर हुँदै हुम्ला आवतजावत गर्ने यात्रु तथा सवारीसाधन प्रभावित भएका छन् । आयोजना प्रमुख नेपालीले सडक खुलाउन प्राविधिक टोली र आवश्यक उपकरण परिचालनको काम भइरहेको जनाउँदै जोखिमपूर्ण अवस्थामा यात्रुहरूलाई भीरबाट आवतजावत नगर्न आग्रहसमेत गरे । शुक्रबार दिउँसो सडक अवरुद्ध भएपछि सिमकोट हुँदै सुर्खेत नेपालगञ्ज तथा नेपालगञ्ज हुँदै सिमकोट कैलाश मानसरोवर दर्शन गर्न जाने यात्रुहरू अलपत्र परेका छन् । *रासस*

# रहेनन् मूर्तिकार कालु कुमाले

**ललितपुर (प्रस)**– वरिष्ठ मूर्तिकार क्रोधकला शिरोमणि कालु कुमालेको ९४ वर्षको उमेरमा निधन भएको छ ।

उनको मंगलबार दिउँसो ललितपुरस्थित सुमेरु सिटी अस्पतालमा उपचारको क्रममा निधन भएको छोरा राकेश अवालेले जानकारी दिए । वरिष्ठ मूर्तिकार कुम्हाःले ८१ वर्षको उमेरदेखि तीन वर्ष लगाएर निर्माण गरेको मूर्ति पाटन संग्राहलयमा प्रदर्शित छ । उनले निर्माण गरेका मूर्तिकला विश्वका ५५ भन्दा बढी राष्ट्रमा पुगेका छन् । नेपालको मौलिक धातु मूर्तिकला र नेवारी शिल्पकलालाई विश्वभर चिनाउन उनको ठूलो योगदान छ ।

नेपालका विभिन्न संग्रहालय र मठमन्दिरमासमेत कुमालेका सिर्जना प्रदर्शित छन् । गत वर्ष पाटन संग्रहालय विकास समितिद्वारा उनलाई मूर्तिकलाका क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मान गरिएको थियो ।

स्वर्गीय कुमालेले आफ्नो पुर्ख्यौली कुम्हाः (माटोका भाँडा बनाउने) पेसालाई परिमार्जन गर्दै धातुको मूर्तिकलामा रूपान्तरण गरेका थिए । उक्त सीप आफ्ना छोरा तथा नयाँ पुस्तालाई हस्तान्तरण गरी जीवित राखेका छन् ।

# भोटेकोशी बाढीपीडितका लागि भूतपूर्व सैनिकको २४ लाखभन्दा बढी सहयोग

**कास्की (प्रस)**– भारतीय भूतपूर्व सैनिक गोरखा ब्रिगेड नेपाल पोखराले भोटेकोशी बाढीप्रभावितको राहत तथा पुनर्स्थापनाका लागि २४ लाख ३३ हजार रूपैयाँ सहयोग गरेको छ ।

गोरखा ब्रिगेडले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेर मंगलबार भौचर रकम कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई हस्तान्तरण गरेको हो । रसुवा-भोटेकोशीमा गएको बाढी तथा विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि सो सहयोग गरिएको भारतीय भूतपूर्व सैनिक गोरखा ब्रिगेड नेपाल पोखराका अध्यक्ष कर्नेल कृष्णबहादुर खत्रीले जानकारी दिए ।

उनका अनुसार पोखरामा रहेका विभिन्न पल्टनका अध्यक्ष तथा प्रतिनिधिसँग छलफल गरी सहयोग संकलन अभियान सञ्चालन गरिएको थियो । अभियानमा सहभागी भूतपूर्व सैनिकले आफ्ना पल्टनका सदस्य, परिवारजन तथा शुभेच्छुकबाट रकम संकलन गरेका थिए । नेपालका विभिन्न स्थानमा रहेका भारतीय भूतपूर्व सैनिकले विपद्का समयमा सञ्चालन गर्दै आएको सहयोग अभियानअन्तर्गत हालसम्म दुई करोड रूपैयाँभन्दा बढी रकम कोषमा जम्मा गरिसकेको गोरखा ब्रिगेड जनाएको छ ।

अध्यक्ष खत्रीले विपद्का समयमा भारतीय भूतपूर्व सैनिक एकजुट भएर सरकार र नागरिकसँग हातेमालो गर्न सधैँ तयार रहेको बताए । 'देशलाई अप्ठ्यारो परेको समयमा हामी भारतीय भूतपूर्व सैनिक एकजुट भएर सहयोग गर्न सधैँ तत्पर छौं । हाम्रो सानो योगदानले पनि विपद् प्रभावित नागरिकको घाउमा मलम लगाउन सहयोग पुगोस् भन्ने हाम्रो उद्देश्य हो,' उनले भने ।

# विद्यालयमा पोषण बगैँचा र दिवा खाजा प्रवर्द्धनको प्रतिबद्धता

**कपिलवस्तु–** आधारभूत विद्यालय तहमा अध्ययनरत विद्यार्थीको पोषण अवस्था, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधारका लागि दिवा खाजा तथा पोषण बगैँचा कार्यक्रमलाई प्रभावकारी बनाउने प्रतिबद्धता गरिएको छ । बुद्धभूमि नगरपालिकाका-.५, ६, ७, ८ र १० अन्तर्गतका ३३ विद्यालयलाई लक्षित गरी आयोजित विद्यालय दिवा खाजा तथा विद्यालय पोषण बगैँचासम्बन्धी पैरवी कार्यक्रममा सहभागी सरोकारवालाले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा बुद्धभूमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यमकान्त पाण्डेले दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको स्वास्थ्य र शिक्षासँग जोडेर प्रभावकारीरूपमा सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । उनले पोषण सुधारसँगै विद्यालयको सरसफाइ र स्वच्छतालाई समेत प्राथमिकता दिइनुपर्ने बताए । शिक्षा विकास तथा समन्वय एकाइ कपिलवस्तुका प्रमुख माधव बञ्जाडेले दिवा खाजा विद्यार्थीको पोषण सुधारमामात्र नभई विद्यालयको गुणस्तर, नियमित उपस्थिति र सिकाइ उपलब्धि सुधारसँगसमेत सम्बन्धित रहेको धारणा राखे ।

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 20 | 0 | 1000 | ४१,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: एकेएच ट्रेनिङ सेन्टर काठमाडौंमा मिति २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

**युएइ/साउदीमा रोजगार** कम्पनी : AL MADINA HYPERMARKET LLC

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ LT. No. 348349 चलानी नं. ६०२६१५३५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Vegetables and Fruits Laborer | 26 | 0 | 1250 | ५२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 9 | 0 | 1500 | ६२,४४८ | | | | | | | |
| 3. | Stock Filler | 15 | 0 | 1250 | ५२,०४० | | | | | | | |

कम्पनी : ITA AGRICULTURE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/२२ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०६/०६ LT. No. 343045 चलानी नं. ६०२६०९९१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SMALL TRUCK DRIVER | 1 | 0 | 1500 | ६१,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।
कास्की पोखरामा मिति: २०८३ असोज १५ गते (1st Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549, 9851068529 (Dibash)
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com

Govt. License 1770/081/082



क्यानडाको ब्रिटिश कोलम्बियाको भ्यानकुभरमा 'लुजिया' को मिडिया पूर्वावलोकनको क्रममा प्रस्तुति दिँदै एक कलाकार । वर्षाका दृश्यहरू समावेश गरिएको एक्रोब्याटिक (कलात्मक शारीरिक कौशल प्रदर्शन गर्ने) शो भ्यान्कुभरमा आगामी नोभेम्बर ४ देखि जनवरी १० सम्म मञ्चन गरिने छ । *तस्बिर: सिन्ह्वा*

# जिन्नाको तस्बिरले बंगलादेशको इतिहास बहसमा




**ढाका–** पाकिस्तानका संस्थापक मोहम्मद अली जिन्नाको तस्बिर ढाका विश्वविद्यालयको नयाँ संग्रहालयमा राखिएपछि बंगलादेशमा इतिहासको व्याख्या, राष्ट्रियता, धर्म र भाषासँग जोडिएको विवाद चर्किएको छ । संग्रहालयमा राखिएको तस्बिर विद्यार्थीले हटाएर च्यातेपछि यस विषयमा नयाँ बहस सुरु भएको हो ।

विश्वविद्यालयका विद्यार्थी अबु तैयब हाबिलदारले जिन्ना पाकिस्तानका संस्थापक भए पनि बंगाली भाषा र अधिकारको विरोध गरेकाले बंगलादेशमा उनको भूमिकालाई फरक रूपमा हेरिनुपर्ने बताए ।

सन् १९४७ मा भारत विभाजनपछि पाकिस्तानको पूर्वी र पश्चिमी भागका रूपमा रहेका बंगलादेश र पाकिस्तान सन् १९७१ को युद्धपछि अलग भएका थिए । उक्त युद्धमा पाकिस्तानी सेनाबाट व्यापक अत्याचार भएको आरोप लाग्दै आएको छ । जिन्नाको मुस्लिम राष्ट्र निर्माणसम्बन्धी अभियानका कारण उनको विरासत बंगलादेशमा विवादित रहँदै आएको छ । राजनीतिक विश्लेषक अल्ताफ परवेजले इस्लामवादी राजनीतिमा नयाँ प्रतीकको खोजीका कारण जिन्नाको चर्चा बढेको बताए ।

ढाका विश्वविद्यालय केन्द्रीय विद्यार्थी संघ (डियुसिएसयू) ले भने जिन्नाको तस्बिर विश्वविद्यालयको इतिहासका विभिन्न घटनालाई समयअनुसार प्रस्तुत गरिएको प्रदर्शनीको हिस्सा भएको जनाएको छ । संघका नेता एसएम फरहादले इतिहासका घटनालाई प्रदर्शन गर्नु गलत नभएको बताउँदै तस्बिर तोडफोडको आलोचना गरे ।

संग्रहालयमा जिन्नाका तीन तस्बिर राखिएका थिए । तीमध्ये एउटा सन् १९४८ मा ढाकामा उर्दूलाई पाकिस्तानको एकमात्र राज्यभाषा बनाउने धारणा व्यक्त गरेको घटनासँग सम्बन्धित थियो । आलोचकहरूले जिन्नालाई प्रमुख स्थान दिँदा भाषा आन्दोलन र स्वतन्त्रता संघर्षमा शेख मुजीबुर रहमानको भूमिकालाई ओझेलमा पारिएको आरोप लगाएका छन् ।

सन् २०२४ मा शेख मुजीबकी छोरी तथा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकार विद्यार्थी आन्दोलनपछि अपदस्थ भएपछि बंगलादेशमा राजनीतिक इतिहास र नेताहरूको विरासतबारे नयाँ बहस सुरु भएको छ । फरहादले संग्रहालयलाई नयाँ सन्दर्भअनुसार अद्यावधिक गरिएको बताए । तर विद्यार्थी महाफुजुर रहमानले जिन्ना इतिहासको हिस्सा भएकाले उनको तस्बिर हटाउनु उचित नभएको बताए । *रासस/एएफपी*

# साउदीमाथि हुथी हमलाप्रति राष्ट्रसंघको निन्दा

**न्युयोर्क/रियाद–** संयुक्त राष्ट्रसंघले साउदी अरबमाथि हुथी समूहबाट भइरहेका सीमापार आक्रमणको निन्दा गर्दै यमन तथा आसपासमा बढ्दो सैन्य तनावले सर्वसाधारणमा गम्भीर असर पार्न सक्ने भन्दै सबै पक्षलाई संयम अपनाउन आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले राजधानी रियादलाई लक्षित गर्ने प्रयाससहित साउदी अरबमाथि जारी हुथी आक्रमणको निन्दा दोहोऱ्याएका छन् । उनका अनुसार साउदी अरबका विभिन्न स्थानमा नागरिक तथा ऊर्जा पूर्वाधारलाई लक्षित गरिएका आक्रमणप्रति पनि संयुक्त राष्ट्रसंघ चिन्तित छ ।

पत्रकार सम्मेलनमा उनले यमनका ताइज, लाहज र मारिबलगायत क्षेत्रमा बढिरहेको सैन्य गतिविधिले यमन तथा समग्र क्षेत्रका नागरिकमा गम्भीर मानवीय असर पार्न सक्ने बताए । उनले सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गतका दायित्व पूरा गर्न र नागरिक तथा नागरिक पूर्वाधारमाथि प्रत्यक्ष आक्रमण नगर्न आग्रह गरे । यसैबीच, यमनका लागि संयुक्त राष्ट्रसंघका विशेष दूत हान्स ग्रुण्डबर्ग ओमानको राजधानी मस्कटमा रहेको छ । उनले ओमानका वरिष्ठ अधिकारी तथा हुथी प्रतिनिधिसँग भेटवार्ता गरिरहेको डुजारिकले जानकारी दिए ।

यमनमा बढ्दो तनावले क्षेत्रीय सुरक्षासँगै विश्व व्यापार र ऊर्जा आपूर्तिमासमेत असर पार्ने चिन्ता बढेको छ । हुथी समूहले लाल सागर क्षेत्रमा गरेको गतिविधिपछि महत्त्वपूर्ण जलमार्ग तथा ऊर्जा पूर्वाधारको सुरक्षाबारे अन्तर्राष्ट्रिय चिन्ता थपिएको छ ।

यसैबीच, जी–७ राष्ट्रका विदेशमन्त्रीहरूले पनि साउदी अरबमाथिका हुथी आक्रमणको निन्दा गर्दै तत्काल सैन्य गतिविधि रोक्न, नागरिक पानीजहाजमाथिका धम्की तथा आक्रमण अन्त्य गर्न र राजनीतिक प्रक्रियामा फर्कन आह्वान गरेका छन् । उनीहरूले इरानलाई हुथी समूहलाई हतियार तथा सहयोग उपलब्ध नगराउन आग्रह गरेका छन् ।

सन् २०१४ मा हुथी समूहले राजधानी साना कब्जा गरेपछि सुरु भएको यमनको युद्ध सन् २०२२ देखि तुलनात्मक रूपमा शान्त रहे पनि यस वर्ष जुलाईदेखि पुनः तीव्र बनेको हो । साउदी अरबले सन् २०१५ देखि अन्तर्राष्ट्रिय मान्यता प्राप्त यमनी सरकारको समर्थनमा गठित गठबन्धनको नेतृत्व गर्दै आएको छ । लामो समयदेखि जारी द्वन्द्वले यमनमा गम्भीर मानवीय संकट निम्त्याएको छ ।

पछिल्लो तनावका क्रममा हुथीहरूले रियादलाई लक्षित गरी आक्रमणको प्रयास गरेका थिए । हुथीहरूले लाल सागरको बन्दरगाह सहर यान्बुमा साउदी तेल कम्पनी अराम्कोसँग सम्बन्धित पूर्वाधारलाई समेत लक्षित गरेको दाबी गरेका छन् । *रासस/सिन्ह्वा*

# डायनाको संस्मरणले बेलायतमा नयाँ बहस

**लण्डन–** दिवंगत राजकुमारी डायनाका भाइ चार्ल्स स्पेन्सरको संस्मरण सार्वजनिक भएपछि बेलायतमा राजपरिवारसँग सम्बन्धित पुराना विवाद फेरि चर्चामा आएका छन् । 'स्वान सङः डायना, माई सिस्टर' नामक पुस्तकमा राजा चार्ल्स तृतीयसँग सम्बन्धित विवादास्पद दाबी समेटिएपछि बकिंघम दरबारलेसमेत दुर्लभ प्रतिक्रिया जनाएको छ ।

पेन्गुइनद्वारा प्रकाशित तथा १२ भाषामा अनूदित संस्मरणमा स्पेन्सरले डायनाको पक्षबाट बोल्न र समयक्रममा स्थापित भएका गलत धारणा सच्याउन पुस्तक लेखेको बताएका छन् । सन् १९९७ मा पेरिसमा भएको कार दुर्घटनामा ३६ वर्षको उमेरमा डायनाको निधन भएको थियो ।

स्पेन्सरका अनुसार डायनाको निधनपछि राजा चार्ल्सले फोनमा 'हामी उनलाई चाँडै बिर्सनेछौं' भनेका थिए । उनले डायनाका छोराहरू विलियम र ह्यारीलाई अन्त्येष्टिमा कफिनको पछाडि हिँडाउनुपर्ने विषयमा पनि चार्ल्स असन्तुष्ट भएको दाबी गरेका छन् ।

बकिंघम दरबारले लामो समयअघि भएको पारिवारिक शोकले स्मरण र घटनाको मूल्यांकनमा प्रभाव पार्न सक्ने बताएको छ । स्पेन्सरले भने यस प्रतिक्रियाले आफ्ना स्मृतिमाथि प्रश्न उठाइएको भन्दै आलोचना गरेको छ ।

सन् १९८१ मा विवाह गरेका चार्ल्स र डायनाको सम्बन्ध सन् १९९६ मा टुंगिएको थियो । संस्मरणमा डायनाले कठिन समय भोगेको र कहिलेकाहीँ आत्महत्या गर्ने विचार आएको भए पनि छोराहरूप्रतिको प्रेमले त्यस्तो कदमबाट रोकेको स्पेन्सरको दाबी छ । डायनाको निधनपछि चार्ल्सले क्यामिला पार्कर बाउल्ससँग विवाह गरेका थिए ।

शाही जीवनीकार रोबर्ट हार्डम्यान र एण्ड्र्यु मोर्टनले स्पेन्सरका केही दाबीमाथि प्रश्न उठाएका छन् । शाही टिप्पणीकार जेनी बण्डले संस्मरणलाई प्रतिशोधपूर्ण विवरणका रूपमा व्याख्या गरेका छन् ।

संस्मरणमा डायनाका अन्तिम समयसँग जोडिएका डोडी फयाद र उनका पिता मोहम्मद अल–फयादबारे पनि उल्लेख छ । स्पेन्सरले डोडी डायनाप्रति दयालु रहेको बताएका छन् भने मोहम्मदप्रति डायनाको नकारात्मक धारणा रहेको दाबी गरेको छ । उनले डायनाको मृत्युपछि उनका छोराहरू विलियम र ह्यारीमाथि बेलायती सञ्चारमाध्यमको प्रभावबारे पनि चर्चा गरेको छ । *रासस/एएफपी*

# डुंगा क्लिनिकले दुर्गम टापुमा स्वास्थ्य सेवा पुऱ्याउँदै



**नलबारी (भारत)–** भारतको आसाम राज्यका दुर्गम नदी टापुमा स्वास्थ्य सेवा पुऱ्याउँदै आएका मोबाइल डुंगा क्लिनिक स्थानीय बासिन्दाका लागि उपचारको मुख्य आधार बनेका छन् । ब्रह्मपुत्र नदीका 'चार' भनिने अस्थायी टापु तथा बालुवाका थुप्रामा बस्ने हजारौं मानिसलाई यी क्लिनिकले चिकित्सक, औषधि, खोप र आधारभूत प्रयोगशाला सेवा दिँदै आएका छन् ।

आसाममा दुई हजारभन्दा बढी यस्ता नदी टापु रहे पनि धेरै ठाउँमा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको अभाव छ । बाढी र नदी कटानको जोखिममा रहेका बस्तीमा नियमित स्वास्थ्य सेवा पुऱ्याउन कठिन हुने भएकाले सन् २००५ मा सेन्टर फर नर्थ इस्ट स्टडिज एण्ड पोलिसी रिसर्चले 'आखा' अर्थात् 'आशा' नामको डुंगा क्लिनिक कार्यक्रम सुरु गरेको थियो । सरकारी निकाय र युनिसेफको सहयोगमा अहिले १५ वटा डुंगा सञ्चालनमा छन् र महिनामा करिब २० हजार मानिसले सेवा पाइरहेका छन् ।

नलबारीको बरबल्ला नदी टापुका बासिन्दा रेकीबुल अमिनले आफूहरू डुंगा क्लिनिकमै निर्भर रहेको बताए । उनका अनुसार स्थानीय बासिन्दाले आवश्यक औषधि यहीँबाट पाउँछन् र महिलाले विशेष लाभ लिएका छन् ।

क्लिनिकले विशेषगरी मातृ तथा शिशु स्वास्थ्यमा ध्यान दिएको छ । गर्भवतीको प्रसवपूर्व परीक्षण, शिशुको नियमित खोप र आधारभूत उपचार सेवा दिइँदै आएको डुंगा क्लिनिकका चिकित्सा अधिकारी हबीबुल हकले बताए ।

तीन करोडभन्दा बढी जनसंख्या रहेको आसाममा प्रतिहजार जीवित जन्ममा २९ शिशुको मृत्यु हुने गरेको छ भने पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३४ छ । राष्ट्रिय औसत क्रमशः २४ र २८ रहेको छ । त्यस्तै, प्रतिलाख जीवित जन्ममा आसामको मातृ मृत्युदर १२५ छ भने राष्ट्रिय औसत ८८ छ । गरिबी, निरक्षरता र दुर्गम भौगोलिक अवस्थाले स्वास्थ्य सेवामा पहुँच थप कठिन बनाएको छ ।

हकले बाढी र नदी कटानबाट प्रभावित दुर्गम 'चार' क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा पुऱ्याउन पाउँदा खुसी लागेको बताए । उनका अनुसार नियमित स्वास्थ्य संस्था पुग्न नसक्ने बस्तीका लागि डुंगा क्लिनिक महत्त्वपूर्ण स्वास्थ्य सेवाको माध्यम बनेका छन् । *रासस/एएफपी*

# ट्रम्पले संयुक्त राष्ट्रसंघमा युद्ध र शान्तिको दाबी राख्ने



**संयुक्त राष्ट्रसंघ–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसंघको महासभामा मंगलबार सम्बोधन गर्दै आफ्नो प्रशासनले युद्धमा हासिल गरेका उपलब्धि र शान्ति स्थापनाका प्रयासलाई प्रमुखताका साथ प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

राष्ट्रपति ट्रम्पले इरानसँगको युद्धको औचित्य पुष्टि गर्नुका साथै गाजाको द्वन्द्व अन्त्य गर्ने आफ्नो पहल र इजरायलसँगको अब्राहम सम्झौतामा थप अरब देशलाई सहभागी गराउने प्रयासबारे धारणा राख्ने सम्भावना छ । उनले हर्मुज जलघाँटीमा युद्धका कारण उत्पन्न अवरोध र त्यसबाट भएको आर्थिक क्षतिबारे पनि आफ्नो पक्ष प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । इन्टरनेसनल क्राइसिस ग्रुपका डेनियल फोर्टीले ट्रम्पले आफूलाई शान्ति निर्माता र सैन्य कारबाहीका समर्थक दुवै रूपमा प्रस्तुत गर्न सक्ने बताए । महासभामा उनले संयुक्त राष्ट्रसंघप्रतिको आलोचना पनि दोहोऱ्याउन सक्ने अनुमान गरिएको छ ।

गत वर्ष ट्रम्पले संयुक्त राष्ट्रसंघको मुख्यालयमा आफूले प्रयोग गर्ने क्रममा एस्केलेटर रोकिएको र टेलिप्रोम्प्टरमा समस्या आएको भन्दै असन्तुष्टि व्यक्त गरेको थियो । संयुक्त राष्ट्रसंघका प्रवक्ता स्टेफन डुजारिकले एस्केलेटरको जाँच गरिएको र अमेरिकी प्रतिनिधिमण्डलका लागि टेलिप्रोम्प्टरको नयाँ व्यवस्था गरिएको बताएका छन् ।

महासभाका क्रममा ट्रम्पले बेलायतका प्रधानमन्त्री एण्डी बर्नहचाम, युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्की, जापानका प्रधानमन्त्री साने तकाइची र भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजसँग भेटवार्ता गर्ने छन् । महासभाको उच्चस्तरीय बैठकमा युद्ध र कृत्रिम बौद्धिकतासहित विश्वव्यापी सुरक्षा तथा आर्थिक चुनौतीबारे छलफल हुँदै छ । ट्रम्पअघि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले सम्बोधन गर्ने छन् । पुनःनिर्वाचनको तयारीमा रहेका लुलाले ट्रम्पलाई ब्राजिलको आगामी निर्वाचनमा हस्तक्षेप नगर्न आग्रह गर्ने बताएका छन् । *रासस/एएफपी*


**युएइमा रोजगार** — कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 319050 | चलानी नं. ६०२३३२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 19 | 0 | 800 | ३३,४०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 43 | 0 | 1200 | ५०,१०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज १४ गते (30th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कम्पनी आफैं | कम्पनी दिने | कम्पनी आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**ओमनमा रोजगार** — कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 342444 | चलानी नं. ६०२५५८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 10 | 0 | 120 | ४७,८५९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brickers (Bricklayers) | 20 | 0 | 120 | ४७,८५९ | | | | | | | |
| 3 | Bricklayer/ Mason | 30 | 0 | 120 | ४७,८५९ | | | | | | | |
| 4 | Industrial Electrician | 3 | 0 | 120 | ४७,८५९ | | | | | | | |
| 5 | Mason Concrete Block Layer | 7 | 0 | 120 | ४७,८५९ | | | | | | | |
| 6 | Stone Mason | 6 | 0 | 120 | ४७,८५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: १. बाँके- नेपालगञ्ज उप-महानगरपालिका, नेपालगञ्ज ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १९ गते (5th Oct 2026) मा हुनेछ ।
२. काठमाडौं- काठमाडौं महानगरपालिका, वर्ल्ड नेट स्किल ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १४ गते ( 30th Sep 2026) मा हुनेछ ।
३. सुनसरी- इटहरी उप-महानगरपालिका, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १८ गते (4th Oct 2026) मा हुनेछ ।
४. सिराहा- गोलबजार नगरपालिका, माँ धार्मिनी ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १७ गते (3rd Oct 2026)मा हुनेछ ।
५. सिराहा- मिर्चैया नगरपालिका, मिर्चैया टेक्निकल एण्ड ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १६ गते (2nd Oct 2026) मा हुनेछ ।
६. धनुषा- जनकपुर उप-महानगरपालिका, पि.आर ट्रेनिङ सेन्टरमा मिति: २०८३ असोज १५ गते (1st Oct 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७/०५५/०५६

**Hit Overseas Employment Pvt.Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 9851056401 E-mail : hitoverseasemployment@gmail.com

**युएइमा रोजगार** — कम्पनी : Sadaf Allulu Technical Services L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०६/०५ | LT. No. 348229 | चलानी नं. ६०२६१४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Construction Labour | 2 | 0 | 1000 | ४१,७५७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder/Steel Fixer | 2 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 3. | Scaffolder | 3 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 4. | GEN PLUMBER | 2 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 5. | CARPENTER BUILDING | 1 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 6. | Electric Buildings (Building Electrician) | 3 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 7. | Tiles & Bricks Shapping Labour | 2 | 0 | 1500 | ६२,६३५ | | | | | | | |

कम्पनी : Wadi Rabdan Technical Services Llc Soc

पूर्व स्वीकृति मिति : २०८३/०६/०६ | LT. No. 348264 | चलानी नं. ६०२६१५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 2 | 0 | 1000 | ४१,६३१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners(Male) | 5 | 0 | 1000 | ४१,६३१ | | | | | | | |
| 3 | Carpet Labour | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 4 | Stone Mason | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 5 | Construction Carpenter | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 6 | Telecommunication Technician | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 7 | Building Stone labour | 1 | 0 | 1000 | ४१,६३१ | | | | | | | |
| 8 | Carpenter | 6 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 9 | Building Plaster | 4 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 10 | Civil Helper | 1 | 0 | 1000 | ४१,६३१ | | | | | | | |
| 11 | Marbel/Tiles Polisher | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 12 | Building plumbers | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 13 | Assist Sale Manager/Sales Executive | 1 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 14 | Elevator Electrician | 2 | 0 | 1500 | ६२,४४७ | | | | | | | |
| 15 | Alminum Fabricator | 3 | 0 | 1500 | ६२,४४७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज १४ गते (30th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9841781155, 9808818851, 9851015421, 9746458492,9761489786
9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२२०० | प्रति तोला – ० | प्रति तोला – ४७७५ |



मनाङ डिस्याङ गाउँपालिका-३ ङावल गाउँस्थित बारीमा पाकेको फापरबाली र पृष्ठभूमिमा अन्नपूर्ण दोस्रो हिमाल ।
*तस्बिर : नवीन लामिछाने/रासस*

प्रसारणलाइन निर्माण

## प्रभावितलाई १० करोडभन्दा बढी मुआब्जा

■ प्रभाव संवाददाता

**दमौली–** मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए) नेपालअन्तर्गत तनहुँमा विद्युत् प्रसारण लाइन निर्माणको काम अघि बढेको छ । प्रसारण लाइन आयोजनाको रुट लट-२ अन्तर्गत रातमाटादेखि न्यु दमौलीसम्मको ४०.०२ किलोमिटर खण्ड तनहुँका पाँच पालिकाका १८ वडामा पर्ने छ ।

एमसिए नेपालका तनहुँ सम्पर्क अधिकृत हुमनाथ ढकालका अनुसार उक्त खण्डमा १९९ वटा प्रसारण लाइन टावर निर्माण हुनेछन् । आयोजनाको निर्माण व्यवसायी एन्जिलक स्कीपर जेभी इन्डिया रहेको छ । एमसिए नेपालअन्तर्गत निर्माण हुने प्रसारण लाइनको कुल लम्बाइ ७२.४५ किलोमिटर रहेको छ ।

तनहुँ खण्डमा निर्माण हुने टावरमध्ये १०५ वटा निजी जग्गामा र ७१ वटा सार्वजनिक जग्गामा निर्माण हुनेछन् । प्राविधिक कारणले २३ वटा टावरको काम हाल रोकिएको छ । ती टावरका लागि आवश्यक जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अधिग्रहण प्रक्रिया अघि बढाइएको ढकालले जानकारी

> तनहुँ खण्डमा निर्माण हुने टावरमध्ये १०५ वटा निजी जग्गामा र ७१ वटा सार्वजनिक जग्गामा निर्माण हुनेछन् । प्राविधिक कारणले २३ वटा टावरको काम हाल रोकिएको छ ।

दिए । आयोजनाबाट तनहुँमा २४१ घरधुरी प्रभावित हुनेछन् । टावर निर्माणका कारण २८४ वटा निजी कित्ता प्रभावित हुनेछन् भने आयोजनाका लागि कुल १२६.८६ रोपनी निजी जग्गा प्राप्त गर्नुपर्नेछ । आयोजनाबाट प्रभावित जग्गाधनीलाई मुआब्जा तथा क्षतिपूर्ति वितरणको कामसमेत अघि बढिरहेको छ । निर्णय भइसकेको कुल मुआब्जा तथा क्षतिपूर्ति रकम रु १७ करोड ६ लाख ८९ रहेको छ । त्यसमध्ये गत आर्थिक वर्षको असार मसान्तसम्म १७२ घरधुरीलाई रु दश करोड ३३ लाख ८८ हजार ७४४ मुआब्जा तथा क्षतिपूर्तिबापत वितरण गरिएको ढकालले बताए ।

बाँकी जग्गा अधिग्रहण गरी मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने काम चालु आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य एमसिए नेपालले लिएको छ । यससँगै प्रसारण लाइनका तारमुनि पर्ने जग्गा अर्थात् मार्गाधिकारको क्षतिपूर्ति निर्धारण तथा वितरणको प्रक्रिया पनि अघि बढाइनेछ । मार्गाधिकारअन्तर्गत प्रसारण लाइन निर्माणपछि तारमुनिको जग्गामा पर्ने असरका आधारमा सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था छ । यसका लागि आवश्यक प्रक्रिया पूरा गरी चालु आर्थिक वर्षमै क्षतिपूर्ति निर्धारण र वितरण गर्ने लक्ष्य रहेको ढकालले जानकारी दिए ।

विद्युत् उत्पादनतर्फका आयोजना र प्रसारण संरचनाबीच समन्वय कायम गर्दै उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न एमसिएअन्तर्गतको प्रसारण लाइन आयोजना महत्त्वपूर्ण मानिएको छ । तनहुँ खण्डमा जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरणसँगै रोकिएका टावरका लागि आवश्यक जग्गा व्यवस्थापनको काम अघि बढेपछि निर्माणले थप गति लिने अपेक्षा गरिएको छ ।

कर्पोरेट

## पोखरा फाइनान्सका ग्राहकलाई अल्फा केयरमा १५ प्रतिशतसम्म छुट




**काठमाडौं (प्रस)** – पोखरा फाइनान्स लिमिटेडका ग्राहकले न्यु बानेश्वर-१०, काठमाडौंस्थित अल्फा हेल्थ केयर एन्ड डायग्नोस्टिक सेन्टर (अल्फा बेटा कम्प्लेक्स) मा विभिन्न स्वास्थ्य तथा अन्य सेवामा १५ प्रतिशतसम्म छुट पाउने भएका छन् । पोखरा फाइनान्सका खातावालाले अल्फा केयरका सम्बन्धित सेवाको बिल पोखरा फाइनान्सको डेबिट कार्ड वा मोबाइल बैंकिङमार्फत भुक्तानी गर्दा उक्त छुट प्राप्त गर्न सक्नेछन् ।

सम्झौताअनुसार इन-हाउस ल्याबोरेटरीका सम्पूर्ण परीक्षण तथा डेन्टल सेवामा १५ प्रतिशत छुट उपलब्ध हुनेछ । त्यस्तै, हेल्थ चेकअप प्याकेज, रेडियोलोजी सेवा, आउटसोर्स्ड टेस्ट तथा नन-इन्भेसिभ कार्डियाक इन्भेस्टिगेसनमा १० प्रतिशत छुट प्रदान गरिनेछ । त्यसैगरी, अल्फा हाउस बैंक्वेट बुकिङमा १० प्रतिशत तथा वासाबी रेस्टुरेन्टमा १५ प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

ग्राहकलाई थप सुविधा तथा लाभ उपलब्ध गराउने उद्देश्यले गरिएको उक्त सहकार्यबाट पोखरा फाइनान्सका खातावालाहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ । पोखरा फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटीजीएस, आईपीएस, कनेक्ट आईपीएस, रेमिट्यान्स, क्लियरिङ, सीआईएसलगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ । साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्यूआर कोडलगायतका डिजिटल बैंकिङ सुविधा पनि उपलब्ध गराउँदै आएको छ ।

## कजारिया रमेश टायल्सको नयाँ डिलर प्रधान हार्डवेयरमा



**काठमाडौं (प्रस)**– नेपालकै अग्रणी टायल ब्राण्ड कजारिया रमेश टायल्स लिमिटेडले आफ्नो आधिकारिक डिलर नेटवर्क विस्तार गर्दै प्रधान हार्डवेयर ग्यालरी सञ्चालनमा ल्याएको छ । नयाँ डिलरको सुरुवातसँगै घर, व्यावसायिक भवन तथा विभिन्न निर्माण परियोजनाका लागि गुणस्तरीय र आधुनिक टायल समाधान खोज्ने ग्राहकहरूमाझ कजारियाका उत्पादनहरूको पहुँच थप सहज हुने भएको छ ।

प्रधान हार्डवेयर ग्यालरीको औपचारिक उद्घाटन कार्यक्रम कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवाल तथा मिस नेपाल वर्ल्ड २०२६ दीपमाला ढकालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । समारोहमा कजारिया रमेश टायल्स लिमिटेड तथा प्राधान हार्डवेयर ग्यालरीका प्रतिनिधिहरू, निर्माण तथा इन्टेरियर क्षेत्रसँग सम्बन्धित व्यवसायीहरू र स्थानीय ग्राहकहरूको उपस्थिति रहेको थियो ।

ग्राहकहरूको आवश्यकता र बदलिँदो डिजाइन ट्रेन्डलाई ध्यानमा राखी सञ्चालनमा ल्याइएको यस डिलरमा कजारियाका वाल तथा फ्लोर टायल्सका विभिन्न प्रिमियम कलेक्सनहरू उपलब्ध हुनेछन् । ग्राहकहरूले एउटै स्थानबाट विभिन्न आधुनिक डिजाइन, टेक्सचर, फिनिसिङ तथा साइजका टायल्स अवलोकन गर्दै आफ्ना व्यक्तिगत रुचि, स्थानको आवश्यकता तथा परियोजनाअनुसार उपयुक्त टायल छनोट गर्न सक्नेछन् ।

यस नयाँ डिलरमार्फत घरधनी, निर्माण व्यवसायी, आर्किटेक्ट, इन्टेरियर डिजाइनर तथा अन्य निर्माण क्षेत्रसँग सम्बन्धित ग्राहकहरूले कजारियाका गुणस्तरीय टायल कलेक्सनहरू अझ सहज रूपमा प्राप्त गर्न सक्नेछन् ।

## भदौमा १३ स्थानमा टेलिकमको नयाँ टेलिफोन टावर जडान




**काठमाडौं (प्रस)**– नेपाल टेलिकमले गत भदौ महिनामा देशका विभिन्न स्थानमा नयाँ टूजी/फोरजी मोबाइल साइट सञ्चालनमा ल्याएको छ । टेलिकमले सेवा विस्तार तथा गुणस्तर सुधार गर्ने उद्देश्यले विभिन्न ११ जिल्लाका १३ स्थानमा नयाँ मोबाइल साइट सञ्चालनमा ल्याएको प्रवक्ता डा कमल लामिछानेले जानकारी दिए ।

टेलिकमका अनुसार बागमती प्रदेशअन्तर्गत ललितपुरको ललितपुर महानगरपालिका-३ कार्यालय र च्याउन्डाँडामा नयाँ साइट सञ्चालन गरिएको छ । यस्तै चितवनको मोहनपुर तथा गण्डकी प्रदेशअन्तर्गत नवलपुरको पोखरीडाँडा र लमजुङको मध्यनेपालमा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् ।

लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तुको धर्मपानी तथा पाल्पाको रामपुर र होङ्सीमा नयाँ साइट सञ्चालन गरिएको छ । यसैगरी कर्णाली प्रदेशअन्तर्गत जुम्लाको कनकासुन्दरी र सुर्खेत-जुम्लारोडमा मोबाइल साइट सञ्चालनमा ल्याइएको छ । सुदूरपश्चिम प्रदेशअन्तर्गत बाजुराको बडिमालिका, डडेल्धुराको गाफ्त र दार्चुलाको रिठाचौपाटामा पनि नयाँ मोबाइल साइट सञ्चालनमा आएका छन् । नयाँ साइट सञ्चालनसँगै ती क्षेत्रमा मोबाइल तथा डेटा सेवाको पहुँच विस्तार हुनुका साथै सेवा गुणस्तरमा सुधार आउने टेलिकमले जनाएको छ । दूरसञ्चार सेवाको पहुँच नपुगेका तथा सेवा विस्तार आवश्यक रहेका स्थानमा क्रमशः नयाँ साइट थप गर्दै जाने टेलिकमको योजना छ ।

डाटा सेन्टरमा समस्या

## नेप्सेमा कारोबार स्थगन भएकोबारे अध्ययन गर्न बोर्डको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** डाटा सेन्टरमा देखिएको प्राविधिक समस्याका कारण नेपाल स्टक एक्सचेन्ज (नेप्से) को नियमित धितोपत्र कारोबार स्थगित भएपछि नेपाल धितोपत्र बोर्डले घटनाको अध्ययन तथा जाँचबुझ गरी आवश्यक सुधारका उपायसहितको प्रतिवेदन पेस गर्न नेप्सेलाई निर्देशन दिएको छ ।

धितोपत्र दलाल व्यवसायीको कार्य गर्न अनुमति प्राप्त ९२ कम्पनीमध्ये ७२ वटा कारोबार सदस्य कम्पनीको सर्भर रहेको डाटा सेन्टरमा २०८३ असोज ४ देखि प्राविधिक समस्या देखिएको थियो । उक्त समस्या तत्काल समाधान हुन नसकेपछि कारोबार प्रणालीमा समेत क्षति पुग्न सक्ने जोखिमलाई ध्यानमा राख्दै नेप्सेले असोज ५ गतेको नियमित कारोबार स्थगित गरेको थियो ।

नेपाल धितोपत्र बोर्डले कारोबार नै स्थगित गर्नुपर्ने अवस्था उत्पन्न भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । बोर्डले उक्त घटनाको आवश्यक अध्ययन तथा जाँचबुझ गरी यस्ता समस्या आगामी दिनमा दोहोरिन नदिन गर्नुपर्ने सुधारसहितको प्रतिवेदन असोज १२ गतेभित्र पेस गर्न नेप्सेलाई निर्देशन दिएको बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले जानकारी दिए ।

घटनाको प्राविधिक पक्ष तथा कारोबार स्थगन गर्नुपर्ने कारण पहिचान गर्न बोर्डले उपकार्यकारी निर्देशकको नेतृत्वमा पाँच सदस्यीय निरीक्षण टोलीसमेत खटाएको छ । टोलीले डाटा सेन्टरमा देखिएको प्राविधिक समस्या, त्यसको प्रभाव तथा कारोबार प्रणालीमा पर्न सक्ने जोखिमलगायत विषयमा अध्ययन गर्नेछ ।

यसअघि स्टक ब्रोकर एसोसिएसन अफ नेपालले समेत डाटा सेन्टरमा देखिएको समस्या समाधान नभएको अवस्थामा नियमित कारोबार सत्र स्थगित गर्न नेप्सेसमक्ष निवेदन दिएको थियो । सोही परिस्थितिलाई ध्यानमा राख्दै नेप्सेले धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २१ (१) बमोजिम कारोबार स्थगित गरेको जनाएको छ ।

बोर्डले निरीक्षण टोलीबाट प्राप्त हुने सुझाव तथा प्रतिवेदनका आधारमा आगामी दिनमा नेपालको धितोपत्र बजारलाई स्वस्थ, सुरक्षित तथा पारदर्शी बनाउन आवश्यक सुधारका कार्य अघि बढाउने जनाएको छ । बोर्डका प्रवक्ता घिमिरेले धितोपत्र बजारको कारोबार प्रणालीको विश्वसनीयता र सुरक्षालाई ध्यानमा राख्दै प्राविधिक जोखिमको पहिचान तथा न्यूनीकरणका लागि आवश्यक कदम अघि बढाइने जानकारी दिए ।

### नेप्से परिसूचक सामान्य अंकले बढ्यो

**काठमाडौं (प्रस)**– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार सामान्य अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ०६ अंकले बढेर दुई हजार ६५४ दशमलव २८ मा पुगेको छ । ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ७१ अंकले बढेर ४७३ दशमलव ७९ मा पुगेको छ ।

फ्लोट सूचक शून्य दशमलव ५३ अंकले बढेर १८२ दशमलव ९९ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ६८ अंकले बढेर १६० मा पुगेको छ । विभिन्न कम्पनीका दुई करोड १५ लाख ८९ हजार ७६१ कित्ता सेयर रु सात अर्ब पाँच करोड तीन लाख ९८ हजार ६२४ मूल्यमा खरिद बिक्री भएको छ । तेह्र उपसमूहमध्ये सात उपसमूह बढ्यो भने छ उपसमूह घट्यो । एक सय ३८ कम्पनीको सेयर बढ्यो भने १३० कम्पनीको सेयर घट्यो । त्यसैगरी ११ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार मिड सोलु हाइड्रोपावर, फष्ट माइक्रो फाइनान्स लघुवित्त र मैलुङ खोला जलविद्युत् लगायतका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी स्नो रिभर्स, नारायणी डेभलपमेन्ट बैंक र बोटलर्स नेपाल (बालाजु) लगायतका लगानीकर्ताले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ